




PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratheekdaily.com








❖ वर्ष ३५ ❖ २०७८ असोज ०७ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 September 23 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३६


## तेल उद्योगले लगानी र उत्पादन क्षमता बढाउँदै

राधेश्याम पटेल, वीरगंज, ६ असोज/

नेपाली तेल उद्योगीले प्रशोधित तेल मन खोलेर भारत निकासी गर्न थालेपछि उद्योगको उत्पादन क्षमता बढाउन लगानी विस्तार गर्न थालेका छन्। एउटा उद्योगले १० करोडदेखि ४० करोड रुपैयाँसम्म लगानी थपेर उत्पादन क्षमता बढाउन लागेको वीरगंजका तेल उद्योगीहरूले बताएका छन्। कतिपय उद्योगले उत्पादन क्षमता दोब्बर पार्न लगानी विस्तार गरेको वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष एवं नेपाल चामल तेल दाल सङ्घका केन्द्रीय अध्यक्ष सुबोध गुप्ताले बताए। उनका अनुसार वीरगंज कोरिडोरमा करीब १५ वटा तेल उद्योग छन् भने विराटनगरमा ६ र भैरहवा कोरिडोरमा ४ गरी करीब ३० वटा उद्योग सञ्चालनमा रहेको छन्। सबै उद्योग उत्पादन क्षमता विस्तारमा जुटेको उनको भनाइ छ।





तेल प्रशोधन गर्ने मेशिन र पाम बीउ। तस्वीरः फाइल

भारतले भटमास, पाम र सूर्यमुखी तेल निकासीमा अहिले प्रतिबन्ध नलगाएको र भारतीय बजारमा प्रशोधित यी खानेतेलको माग बढिरहेकाले स्वदेशी उद्योगले लगानी थप्ने र उत्पादन बढाउनेतर्फ अघि बढेको जानकारी अध्यक्ष गुप्ताले दिए। "नेपाली उद्योगले विदेशबाट कच्चा तेल वा गेंडागुडी मगाएर प्रशोधित तेल भारत पठाउँछन्," उनले भने, "विगतमा करीब १० महीनासम्म भारतले पाम तेलमा आयातमा प्रतिबन्ध लगाएकोमा गत दुई महीनादेखि फुकुवा गरेकोले अवस्था सहज बन्दै गएको छ।"

वीरगंज भन्सार नाकाको तथ्याङ्क अनुसार चालू आवको साउन र भदौमा मात्र वीरगंज कोरिडोरबाट मात्रै १७ अर्ब रुपैयाँको प्रशोधित भटमास, पाम र सूर्यमुखी तेलको निकासी भएकाले यस क्षेत्रका व्यवसायीहरू उत्साहित भएको वीरगंजका उद्योगी सुरेश रूँगटाले बताए। ओम चाओ बिरो इन्डस्ट्रिज प्रालिका सञ्चालकसमेत रहेका रूँगटाका अनुसार उनको उद्योगले पनि करीब रु १५ करोड लगानी थपेर उत्पादन क्षमता दोब्बर पारिसकेको छ। पहिले दिनको सय टन तेल उत्पादन गर्ने ओसिबीले हाल दैनिक दुई सय टन प्रशोधित तेल उत्पादन गरिरहेको छ।

त्यसैगरी, वीरगंज कोरिडोरको निम्बस समूहको प्रोबायोटेकले स्वदेशी बजारलाई लक्षित गरी उत्पादन बढाएको निम्बसका अध्यक्ष जगदीश अग्रवाल बताउँछन्। सुशील वनस्पति प्रालिका सञ्चालक प्रदीप केडियाले पनि लगानी थपेर उद्योगको क्षमता बढाइएको बताए। चाचान समूहको नारायणी आयल रिफाइनरी प्रालिका सञ्चालक निखिल चाचानले पनि भारततर्फ निकासी सहज भएपछि लगानी थपिएको बताए।

शिवशक्ति प्रालि जीतपुरका सञ्चालक सतिश अग्रवालका अनुसार लगानी थपेर भटमास, सूर्यमुखी, पाम र तोरी तेलको उत्पादन क्षमता अभिवृद्धि गरिएको बताए। त्रिवेणी समूहको अन्नपूर्ण भेजिटेबल्स एन्ड सोप प्रालि, महालक्ष्मी सोल्भेन्ट, गणपति आयल रिफाइनरी, कृष्णा आयल, आरती भेजिटेबल्स प्रालि, मुक्ति आयल, शिवशक्ति तेल उद्योगलगायतका उद्योगले पनि उत्पादन क्षमता बढाएका छन्।

व्यवसायीहरूले अर्जेन्टिनाबाट सूर्यमुखी तेल, ब्रजील, अर्जेन्टिना र अमेरिकाबाट भटमास तेल तथा इन्डोनेसिया र मलेसियाबाट अर्धप्रशोधित पाम तेल आयात गरी प्रशोधन गरेर भारतको बिहार, उत्तरप्रदेश, मध्यप्रदेश, दिल्ली, महाराष्ट्र, पश्चिम बङ्गाल, गुजरातलगायतका राज्यमा निकासी गर्दै आएका छन्।

कोरोना महामारी पहिलाभन्दा नियन्त्रण उन्मुख देखिएकोले पनि उत्पादन तथा बिक्री बढेको व्यवसायीहरूको भनाइ छ। "अहिले अर्डर धमाधम आइरहेको," उद्योगी रूँगटाले भने, "लगभग सबै उद्योगले १० हजार टन कच्चा आयलको एलसी खोलेर अर्डर दिइसकेका छन्।" वीरगंजका उद्योगहरूले अहिले भटमास तेल रु २२०, पाम तेल रु २०८ र सूर्यमुखी तेल रु २३० प्रतिलिटरमा भारत निकासी गरिरहेका छन्। तोरी तेल स्वदेशी बजारमैं अपुग भइरहेको छ। नेपालमा रु २४०-२५० प्रतिलिटरमा तोरी तेल बिक्री भइरहेको छ।

**बढ्यो कच्चा तेलको भाउ**

दुई वर्षदेखि खानेतेलको कच्चा पदार्थको मूल्य बढ्दै गइरहेको छ। पहिलेभन्दा अस्वाभाविकरूपमा कच्चा तेलको मूल्य बढेपछि प्रशोधित तेलको पनि मूल्य बढेको व्यवसायीहरूको भनाइ छ। दुई वर्षअघि प्रतिटन साढे ७ सय डलरमा पाइने कच्चा तेलको मूल्य अहिले १४ सय डलरसम्म पुगेको बताइएको छ।

व्यवसायीहरूका अनुसार हाल कच्चा पाम तेल प्रतिटन साढे १२ सय डलर छ भने भटमासको कच्चा तेल १३ सय डलर पुगेको छ। त्यसैगरी, सूर्यमुखीको कच्चा तेल १३/१४ सय डलरसम्म पुगेको बताइएको छ।

## वीरगंज-रक्सौल नाका खुलेन

प्रस, वीरगंज, ६ असोज/

नेपाल सरकार मन्त्रिपरिषद्को मङ्गलवार बसेको बैठकले नेपाल-भारत सीमानाका पूर्णरूपमा खुला गर्ने निर्णय गरे पनि बुधवार वीरगंज-रक्सौल नाका बन्द नै रह्यो।



वीरगंज-रक्सौल सीमानाकाबाट मालवाहक सवारीसाधनको मात्र आवतजावत भइरहेको छ। तस्वीर सौजन्यः तिवारी यादव

पहिलो लकडाउन शुरू हुनुअगावै २०७६ चैतको पहिलो सातादेखि बन्द भएको नेपाल-भारत सीमा २०७८/६/५ गतेको मन्त्रिपरिषद्को बैठकले खुला गर्ने निर्णय गरेको थियो। तर बुधवार वीरगंज-रक्सौल नाका बन्द रह्यो।

पर्सा जिल्लाभरिका नाका बन्द रहेको प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेले बताए।

उनले मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको समाचार सुने पनि सोसम्बन्धी लिखितपत्र नआएको कारण सीमा खुला नगरिएको बताए।

भारतले आफ्नोतर्फको सीमानाका भने एक वर्षअगाडि नै खुला गरिसकेको छ।

## ठेक्का नलागेको खोलामा अवैध उत्खनन तीव्र

नरेश यादव, पर्सागढी, ६ असोज/

पर्सागढी नगरपालिका र वीरगंज महानगरपालिका अन्तर्गतको भेडाहा खोलाबाट अवैधरूपमा नदीजन्य पदार्थको उत्खनन भइरहेको छ। यस वर्ष नदी उत्खननको लागि ठेक्का नलागेको अवस्थामा रातिपख तस्करहरूले खोलाबाट बालुवा, ढुङ्गा, ग्रेभलको अवैध उत्खनन गरिरहेका छन्।

भेडाहा खोलादेखि सय मिटरको दूरीमा नेपाल प्रहरी र दुई सय मिटरको दूरीमा सशस्त्र प्रहरी सोलखपुर बेस क्याम्प छ। तर दुवै सुरक्षा निकायले रातिपख भइरहेको अवैध उत्खननतर्फ ध्यान दिएका छैनन्। ध्यान नदिनुको कारण आर्थिक प्रलोभन भएको स्थानीयहरूले आरोप लगाएका छन्। खोलामा अवैध उत्खनन गर्नेहरूले दुवै सुरक्षा निकायलाई मिलाएर काम गरिरहेको स्थानीयले आरोप लगाए।





भेडाहा खोलाबाट बालुवा उत्खनन गर्दै। तस्वीरः प्रतीक

भेडाहा खोलाजस्तै पर्सागढी नगरपालिका अन्तर्गत सिंघाही खोला र कर्जनिया खोलामा पनि तस्करहरूले अवैध उत्खनन गरिरहेका छन्।

नगरपालिकाले सो खोलामा ठेक्का लगाइसकेको छैन। वातावरणीय परीक्षण रिपोर्ट तयार नभएको र प्रदेश सरकारले तोकेको मापदण्डमा नपरेका कारण ती खोलाको ठेक्का हुन सकेको छैन।

नदीजन्य पदार्थको उत्खनन असार १ देखि असोज १ गतेसम्मको लागि प्रत्येक वर्ष रोकिन्छ तर तस्करहरूले अवैध उत्खननलाई निरन्तरता दिंदै आएका छन्। नदीको ठेक्का नलागेको अवस्थामा उत्खनन अवैध भएको प्रहरीलाई थाहा छ तर उनीहरूले यसविरुद्ध कारबाई गर्न सकेका छैनन्।

## दुई महीनामा रू १७ अर्बको प्रशोधित तेल निकासी

प्रस, वीरगंज, ६ असोज/

वीरगंज नाका भएर चालू आवको पछिल्ला दुई महीना साउन र भदौमा करीब रु १७ अर्बभन्दा बढीको प्रशोधित तेल निकासी भएको छ।

वीरगंज भन्सारको आइसिपी नाकाबाट १७ अर्ब ३७ करोड २१ लाख ६१ हजार मूल्य बराबरको भटमास), पाम (खजुर) र सूर्यमुखीको प्रशोधित तेल निकासी भएको हो। यो नाकाबाट भारतका विभिन्न राज्यमा १० अर्ब ६९ करोड ८१ लाख ६२ हजार मूल्य बराबरको ४ करोड ७० लाख २० हजार ८ सय ४० किलो भटमास तेल, ५ अर्ब ५२ करोड २० लाख ३० हजार मूल्य बराबरको २ करोड ९८ लाख ३३ हजार ५ सय ८७ किलो पाम तेल र १ अर्ब १५ करोड १९ लाख ६९ हजार मूल्य बराबरको ५७ लाख ९६ हजार ७ सय १६ किलो सूर्यमुखी तेल निकासी भएको वीरगंज भन्सारको तथ्याङ्कले जनाएको छ।

वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलका अनुसार अघिल्लो आवको तुलनामा चालू आवको पछिल्लो दुई महीनामा भटमासको प्रशोधित तेलको निकासी करीब ८० प्रतिशतले वृद्धि भएको छ भने पाम तेल गत आवको यी दुई महीनामा निकासीमा भारतले रोक लगाएको थियो।



त्यसैगरी, सूर्यमुखी तेलको निकासी पनि अस्वाभाविकरूपमा बढेको देखिएको छ। गत आवमा ४ करोड ३७ लाख २ हजार मूल्य बराबरको जम्मा ३ लाख ३१ हजार ६ सय ५२ किलो सूर्यमुखी तेल निकासी भएको थियो।

यो नाकाबाट निकासी हुने अन्य १७ वटा सामानमा फलफूलको जुस, भटमासको पिना, जमोठको कपडा, सिन्थेटिक यार्न, बत्तिसा त्रिफला, च्यावनप्राश, दन्त मञ्जन, अन्य पिना, अन्य कपडा, जुत्ता, कुकुर/बिरालोका खाना, लीड सीसालगायत रहेका छन्।

वीरगंज भन्सारबाट रु ९४ करोड ११ लाखको जुस, ५५ करोड ३ लाखको भटमासको पिना, ४४ करोडको जमोठको कपडा, २६ करोड २९ लाखको सिन्थेटिक यार्न, २५ करोड १० लाखको बत्तिसा त्रिफला, च्यावनप्राश, १९ करोड ६२ लाखको दन्तमञ्जन, १६ करोड ३० लाखको पिना अन्य, १५ करोड ६४ लाखको ऊनी, सुती, टेरिकटनबाहेकका अन्य कपडा, १२ करोड ४७ लाखको स्पोर्ट्स तथा सिन्थेटिक जुत्ता, १२ करोड २० लाखको कुकुर र बिरालोले खाने खाना, ११ करोड ३१ लाखको लिड सीसा इनगट, ९ करोड ५९ लाखको ऊनी गलैंचा कार्पेट, ७ करोड ८५ लाखको फ्याटी एसिड तेल, साढे ५ करोडको होमियो तथा आयुर्वेदिक औषधिका कच्चा पदार्थ, करीब ५ करोडको तयारी कपडा, ४ करोडको प्लास्टिकको बिर्को र ४ करोडको कागजको बक्स, डिब्बा निकासी भएको देखिएको छ।

## पर्सा र बारामा काङ्ग्रेसको अधिवेशन अझै अन्योल

प्रस, वीरगंज, ६ असोज/

पर्सा र बारामा नेपाली काङ्ग्रेसको जिल्ला अधिवेशन अझै अन्योलग्रस्त छ। नेका केन्द्रीय कमिटीले देशभर एउटा जिल्लाबाहेक सबै जिल्लाको क्रियाशील सदस्यताको विवाद टुङ्गो लगाएको भदौ ५ गते जनाएको थियो। तर पर्सा जिल्लामा क्रियाशील सदस्यको सूची आइनसकेको र केन्द्रीय प्रतिनिधि पनि नतोकिएको कारण वडास्तरदेखिकै निर्वाचनको तयारी नभएको जिल्ला सचिव श्याम पटेलले बताए। उनले समाचारबाट आफूहरूले क्रियाशील सदस्यताको टुङ्गो लागेको खबर पाएको तर आधिकारिकरूपमा सोसम्बन्धी कुनै पत्र नआएको बताए। उनले आफूहरू केन्द्रीय कमिटीको पत्र र प्रतिनिधिको बाटो कुरेर बसेको र सोको टुङ्गो लागेको खण्डमा अधिवेशनको तयारीमा जुट्ने बताए।

बारा जिल्लाका महाधिवेशन प्रतिनिधि लुकेश सिंहले बुधवार साँझसम्म क्रियाशील सदस्यतासम्बन्धी टुङ्गो लाग्ने र त्यसपछि निर्वाचनको तयारी हुने बताए। उनले बारा जिल्लाका चार क्षेत्रमध्ये क्षेत्र नं ३ र ४ को क्रियाशील सदस्यताको विवाद टुङ्गो लागेको र क्षेत्र नं १ र २ को बुधवार साँझसम्म टुङ्गो लागेपछि एक/दुई दिनमा निर्वाचनको प्रक्रिया शुरू हुने बताए।

नेकाको क्रियाशील सदस्यतासम्बन्धी विवादका कारण १३ वटा जिल्लामा निर्वाचन प्रक्रिया अगाडि बढेको छैन, जसमा प्रदेश २ का आठवटै जिल्ला पर्दछन्।


**कोरोना सङ्क्रमणबाट मुक्त भएपछि पनि ढुक्क नबनौं**

- श्वास फेर्न धेरै गाह्रो भए,
- निद्रा नलाग्ने, झर्को लाग्ने, तनाव महसूस भए,
- धेरै थकाइ र कमजोरी महसूस भए,
- एकाएक रक्तचाप घटबढ भए,
- थोरै हिंड्दा स्वाँ-स्वाँ बढे,

सचेत बनौं र नजीकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न ढिला नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विचारसार एवं सूक्तिहरू

वर्तमान तब मात्र काबूमा हुन्छ, जब हामी अतीतबाट केही सिक्छौं ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# अभागीको हात पुर्पुरोमैं

**दुनियाँमा कुनै पनि देशमा कृषकलाई ठूलो सम्मान प्राप्त हुन्छ, किनभने यो पेशाले दुनियाँलाई अति आवश्यक र पहिलो प्राथमिकताको आहार उपलब्ध गराउँछ । देशको सीमाको रक्षा गर्ने सैनिक र किसान भनेपछि कुनै पनि हुरुक्क हुन्छ, त्यहाँको सरकार यी पेशाकर्मीप्रति कृतज्ञ हुन्छ। मानिसलाई बरु सडक, सवारी साधन, ठूला महल नभएपनि बिग्रँदैन, तर भोजन सबैलाई चाहिन्छ। अरू कुनै सुविधाको अभावमा मानिसलाई असहज महसूस होला तर आहारविना उसको ज्यान जान्छ । ज्यान रहे न; कुनै काम गर्ने, के विकास गर्ने के पुरुषार्थ गने ! तर शायद विश्वको नक्शामा नेपाल मात्र यस्तो देश होला जहाँ किसानप्रति न सरकार, न बुद्धिजीवी कोही संवेदनशील देखिंदैन । किसानले देशबाट आजसम्म सिंचाइ सुविधा पाएको छैन, भएको संसाधन मासिने गरेको छ। चाहिएको बेला मल पाउँदैन, उन्नत बीउको झन् के कुरा ! अरू त अरू किसानले खेती गर्ने जग्गा उसको छैन, भएको जग्गा सरकारले सस्तो लोकप्रियताको लागि टुक्राटुक्रा पारिदिएको छ । आज देशमा यस्तो कुनै ठाउँ छैन, जहाँ निजीस्तरमा एउटा बृहत् कृषि केन्द्र बन्न सकोस् ।**

**हार–निराश कृषक अब अन्न उत्पादन गर्न छोडेर विदेशिन थालेको छ । देशमा गैरजिम्मेवार सरकारहरूको नियतले सास्तीमाथि खेपिरहेको कृषकले आफ्नो परिश्रमको मूल्य पाउन सकिरहेको छैन । उखु कृषकहरूले वर्षभरि पसिना चुहाएको बालीको वर्षौंसम्म मूल्य नपाउँदा, कुन दुर्दशा भोगिरहेका छन्, त्यो बुझ्ने सरकारलाई कुनै चासो छैन। हो किसानको शोषण गरेर ठूला–ठूला उद्योग स्थापना गर्नेहरूले भने सरकारबाट भरपर्दो लाभ प्राप्त गरिरहेका छन् । कृषकहरूले उखुको उचित मूल्य त पाएका छैनन्, न चित्त नबुझ्दो मूल्य उनको हातमा पर्छ । बरु सरकारले चिनी उद्योगलाई सहुलियत पुग्नेगरी उसले दिएको मूल्य किसानलाई अपुग भयो भनेर अनुदान दिने गरेको छ। वर्षभरि मेहनत गर्ने किसान, उखुबाट चिनी बनाएर लाभ प्राप्त गर्ने उद्योग, उचित मूल्य नदिने र मूल्य वर्षौंपछि दिने उद्योग, सरकार चाहिं अनुदान दिने । कस्तो विडम्बना ! जनताले तिरेको करबाट उद्योगीको लाभका लागि किसानलाई अनुदान। न कतै देख्नु न सुन्नु, कस्तो परम्परा ! त्यो अनुदान पनि चाडबाडको मुखमा समेत किसानले पाउन नसक्नुजस्तो विडम्बना के हुन सक्छ ?**

**उद्योगीहरूबाट समयमा आफ्नो उत्पादनको भुक्तानी नपाएर बिलखबन्दमा परेका सर्लाहीका उखु उत्पादक किसानलाई सरकारले गत वर्ष प्रतिक्विन्टल ६५ रुपियाँ अनुदान दिने घोषणा गरेको थियो । उद्योगले त समयमा कहिले भुक्तानी गर्दैन, सरकार पनि त्यही बाटोमा लाग्दा सर्लाहीका किसानले प्रत्येक वर्ष आन्दोलन नै गर्नुपर्छ। खेतीको समयमा बाली उब्जाउने मेसो गर्ने, भुक्तानी पाउन आन्दोलन नै गर्नुपर्ने बाध्यताले गर्दा बारा जिल्लाका धेरै उखु किसानले उखु उत्पादन गर्नै बन्द गरिदिएका छन् । रौतहटको एउटा चिनी मिल यस्तै विवादमा परेर बन्द भइसकेको छ। उद्योग बन्द हुने, किसानले भुक्तानी नपाउने, सरकार आफ्नो प्रतिबद्धता पूरा गर्न उदासीन हुने, साँच्ची लाजमर्दो अवस्था हो। यसै पनि किसान अन्न उत्पादन गर्न उदासीन हुँदा, देश खाद्यान्नमा परनिर्भर बनिसकेको छ । नगदे बालीको यस्तो अवस्थाले देश कहाँ पुग्ला कुर्सीको हानाथापमा अल्झेका स्वार्थी शासकहरूले के बुझ्लान् !**

# अब सीमानाकामा आवतजावत सहज होस्

आजभन्दा कैयौं महीना पहिले पहिलो कोरोना कहरको पूर्व सन्ध्यामा, कोरोना सन्त्रासको उत्कर्ष रहेको अवस्थामा नेपाल र भारतको सीमानाका बन्द गरिएको थियो जुन अहिलेसम्म बन्द छ। बीचमा केही महीना जनजीवन झन्डै सामान्य भइसकेको थियो र कोरोनाको दोस्रो लहरले फेरि पहिलेभन्दा अझ बढी सन्त्रास लिएर आएको थियो । अहिले कोरोनाको सन्त्रास समाजबाट लगभग हटेर गएको छ र समाज सामान्य अवस्था फर्किसकेको जस्तो देखिन्छ । यद्यपि सरकारी कार्यालयहरूमा जनताको काम सम्भव भएसम्म झ्याल बाहिरैबाट गराउन भनिएको तथा कतिपय कार्यालयमा मास्क अनिवार्य रहेको सन्दर्भमा कोरोनाको अवशेष छ भन्ने देखिन्छ। देशमा कोरोना छँदैछैन भन्न खोजिएको होइन । हरेक दिन अझै पनि केही सय मानिस कोरोना सङ्क्रमित थपिएका छन् । कोरोनाको विस्तार पहिलेजस्तो तीव्र नभएको मात्र हो । कोरोनाको सन्त्रास हटेर गएको मात्र हो । जनजीवन सामान्य भएजस्तो मात्र हो, हैनभने हरेक दिन कोरोना सङ्क्रमणले मानिसको मृत्यु भइरहेको खबर आइरहेकै छ ।

नेपालमा मात्र होइन, भारतमा पनि कोरोनाको असर अझै छँदैछ तर नेपालमा जस्तै भारतमा पनि जनजीवन सामान्य बन्दै गएको छ। मास्क लगाएको खासै कतै देखिंदैन। सर्वसाधारणको भीडभाड पनि उत्तिकै बढेको देखिन्छ। पत्रपत्रिका तथा अन्य सञ्चार माध्यमले पनि कोरोनाको कहरबारे खासै लेखिरहेको वा बोलिरहेको पाइँदैन । यद्यपि त्यहाँ पनि हरेक दिन केही सय मानिसमा दैनिक नयाँ सङ्क्रमण देखिने गरेको तथा मानिसको मृत्यु हुने गरेको छ। यी सबैका बावजूद त्रास के छ भने कोरोनाको तेस्रो लहर आइदेला कि ? अब धेरै मानिसले कम्तीमा पहिलो डोज खोप लगाइसकेको अवस्था छ। कतिपयले कोरोनाको दोस्रो डोज पनि लगाइसकेका छन्। नेपाल र भारत दुवैतिर यही अवस्था छ । कोरोनाको खोप लगाएको मानिसले आफूलाई सुरक्षित ठानिरहेको छ, सुरक्षित मानिरहेको छ। यो मनोवैज्ञानिक दृष्टिकोणले पनि उचित किन देखिन्छ भने यस प्रकारको मनोविज्ञानले मानिसको आत्मविश्वास बलियो बनाउन सहयोग गरेको छ । जब मानिसमा स्वास्थ्य सम्बन्धी आत्मबल उचो छ भने उसले रोगलाई जित्ने क्षमता राख्दछ । धेरैले आत्मविश्वासको कारण रोगलाई परास्त गरेको बताउने गरेका छन् ।

आजभोलि नेपालभर आवतजावत गर्न कुनै कठिनाई देखिंदैन । यातायात निर्बाध चलेको छ । बन्द रहेको शिक्षा क्षेत्र पनि बिस्तारै खुलिरहेको देखिएको छ। विश्वविद्यालयले परीक्षा सञ्चालन गरिसकेको छ। राष्ट्रिय परीक्षा बोर्डले पनि परीक्षा लिइरहेको छ। संस्थागत तथा सामुदायिक विद्यालयहरू सञ्चालनमा आइसकेका छन् । बिहान पढाइ हुने क्याम्पसहरू पनि खुलेका छन्। हाटबजार तथा मेला र उत्सवहरूमा पनि अब सामान्य अवस्था देखिन्छ। कतिपय ठाउँमा आर्केस्ट्रा नचाएको पनि देखिन्छ। मेलाहरूका ठूलो भीड देखिन्छ। यी सबैले जनजीवन सामान्य भइसकेको अवस्था जनाएको हो भन्दा अत्युक्ति नहोला । यही अवस्था भारततिर पनि छ। यद्यपि कतिपय प्रान्तले अझै पनि शिक्षण संस्था सञ्चालन गरेको देखिएको छैन। अन्य गतिविधि भने खासै बाधित छैन ।

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**दुई देशका सीमावर्ती नागरिकबीच शताब्दीयौंदेखि कायम रहेको सुमधुर सम्बन्धलाई कोरोना कालपछि अझ मधुर बनाउन यो आवश्यक छ कि अब सीमा नाका खोलिओस् । सीमानाका सुगम हुँदा सर्वसाधारणदेखि सरकारसम्म लाभान्वित हुन्छ ।**

नेपालबाट भारततिर र भारतबाट नेपालतिर मानिसको आवागमन भइरहेको छ । दुवैतिर सीमा पूर्ण बन्द भएको अवस्था देखिंदैन, तर खुला पनि छैन। दुई देशका नागरिक पैदल एक देशबाट अर्को देश गइरहेका छन् । पैदल आवागमनमा लगभग कतै रोकटोक छैन। यसले गर्दा नेपालबाट भारत जाने वा भारतबाट नेपाल आउनेहरूले आफ्नो सीमा क्षेत्रमा सवारी साधन रोकेर पारि जाने गरेका छन्। सवारी साधन एकातिर थन्क्याएर, बेवारिसे छोडेर अर्को देशमा काम विशेषले जाने गरेका छन्। यसले गर्दा धेरैलाई धेरै असुविधा हुने गरेको छ। सवारी साधन लिएर वारिबाट पारि वा पारिबाट वारि आवतजावत गर्न नपाउँदा दुवैतिरका सर्वसाधारणलाई धेरै नै समस्या हुने गरेको छ। बन्द व्यापारमा असर परेको छ भने नाता–सम्बन्धीलाई भेट्न पनि सकिएको छैन। यसका साथै दुवै देशको राजस्वमा पनि प्रभाव परेको छ।

अहिले चाडपर्वको दिन आइरहेको छ। बिस्तारै जनजीवन सामान्य हुँदै गर्दा चाडपर्वको लागि किनमेल गर्न बाहिर नेपालका मानिस भारत र भारतका मानिस नेपाल आउनुपर्ने हुन्छ। यो एउटा पक्ष हो। यसभन्दा पनि महत्त्वपूर्ण पक्ष भने भन्सार राजस्वमा परेको असर हो।

चाडपर्वको मौसम भनेको कर्मचारी र अन्य केहीलाई तुलनात्मक फुर्सदको समय पनि हो। फुर्सदको समयलाई अहिले पर्यटनको रूपमा बिताउने संस्कार बिस्तारै बस्न थालेको छ। यसरी पर्यटकहरू छुट्टी मनाउन एक ठाउँबाट अर्को ठाउँ र एक देशबाट अर्को देश जाने गरेका छन् । मुख्यगरी अलिक जाडोको समय आउन लागेको र न धेरै जाडो, न धेरै गर्मीको समय रहेको बेला भारतबाट नेपालमा पर्यटक आउने धेरै सम्भावना रहन्छ । भारतीय गाडीहरू नेपालमा मज्जाले चल्ने भएकाले र भारतमा धेरै नै टोल–टेक्स लाग्ने हुनाले सीमावर्ती भारतीय जिल्लाका नागरिक नेपालमा बारम्बार समय बिताउन वा छोटो समयको बिदा मनाउन आउने गरेका छन्। यसरी नेपाल आउँदा भारतीय पर्यटकले भारतीय गाडीको भन्सार कटाउँछन् अर्थात् भन्सार कर तिर्छन् । नेपालमा आएर केही दिन घुम्छन्। केही सामान किनेर फर्कन्छन्। यसले गर्दा नेपालको पर्यटनलाई टेवा मिल्ने गरेको छ।

सीमावर्ती कतिपय भारतीय जिल्लाका नागरिकहरूमा यो विश्वास छ कि कतिपय उपचार नेपालमा सस्तो र भरपर्दो हुन्छ। नेपालबाट पनि भारतमा उपचार गराउन जानेको सङ्ख्या ठूलो छ । साथै नातागोता र आफन्तकहाँ आवतजावत गर्ने काम बढी हुन्छ । दुवैतिरका नागरिक पैदल हिंडेर एक अर्को देशको सीमा काट्नु परिरहेको वर्तमान परिवेशमा धेरै हदसम्म नेपाललाई घाटा रहेको सीमावर्ती नागरिकहरूको तर्क छ । यसैगरी कतिपय सीमावर्ती भारतीय व्यवसायी पनि यस भनाइसित सहमत छन् कि दुवैतिरका व्यवसायीलाई सीमानाका सञ्चालन नहुँदा घाटा लागेको छ। आर्थिक नोक्सानी कम गराउन पनि भन्सार नाका खुला हुनुपर्ने र सर्वसाधारणले पहिलेजस्तै सीमा वारपार गर्न पाउनुपर्ने बताइरहेका छन्। सीमावर्ती क्षेत्रमा स्थानीय बसोवास हुने कतिपय राजनीतिकर्मीले सामाजिक सञ्जालमा यस विषयमा स्पष्ट धारणा नै राख्न थालेका छन् कि सीमानाका पहिलेजस्तै सुगम बनोस् ।

सीमानाका भएर सहज आवतजावत गर्न नपाउँदा केही हदसम्म अवैध कारोबार गर्नेलाई फाइदा पुगेको पनि विश्लेषण गरिएको छ ।

नेपाल–भारत सीमा बन्द गर्नुपर्ने खासै कारण नरहेको स्थानीय राजनीतिकर्मीहरूको बुझाइ छ । देशमा नयाँ सरकार गठन भइसकेको अवस्थामा विभिन्न क्षेत्रका मानिसहरूले प्रधानमन्त्री देउवालाई भेटेर सीमानाका खुलाउन आग्रह गरेका पनि छन्। यसरी औपचारिक र अनौपचारिक दुवै किसिमले सीमानाका खुलाउन सर्वसाधारण र आफ्ना प्रतिनिधिमार्फत प्रयास भइरहेको छ । लामो समयदेखि सकारात्मक आश्वासन पनि दिने गरिएको छ । तर नाका कहिलेदेखि नाका सुगम हुन्छ, कतैबाट तिथिमिति निर्धारण गरिएको खबर आइरहेको छैन। यसले गर्दा नेपालीहरूको अत्यन्त विशिष्ट चाडपर्व दशैं, दीपावली तथा छठको समयमा पनि भन्सार नाका सहज हुने कुरामा सर्वसाधारण विश्वस्त हुन सकेको छैन, आशा भने मारेको छैन।

दुवै देशका सीमावर्ती जिल्लाका नागरिकबीच आफ्नै किसिमको खास सम्बन्ध छ। नागरिकस्तरको सम्बन्धमा केही फिक्कापन अनुभूति गरिन थालिएको छ। दुई देशका सीमावर्ती नागरिकबीच शताब्दीयौंदेखि कायम रहेको सुमधुर सम्बन्धलाई कोरोना कालपछि अझ मधुर बनाउन यो आवश्यक छ कि अब सीमा नाका खोलिओस्। सीमानाका सुगम हुँदा सर्वसाधारणदेखि सरकारसम्म लाभान्वित हुन्छ।

# सोऱ्हश्राद्धको अपराह्नकाल : कुन तिथि कतिखेर गर्ने ?

काठमाडौं, ६ असोज/रासस

दिवङ्गत पितृका नाममा प्रत्येक वर्ष आश्विन कृष्ण पक्षमा गरिने सोऱ्हश्राद्धका लागि आवश्यक पर्ने अपराह्नकालको समय निर्धारण गरिएको छ। धर्मशास्त्रका विभिन्न ग्रन्थमा सोऱ्हश्राद्ध अपराह्नकालमा गर्नु भन्ने वचन अनुसार पञ्चाङ्गकार एवं तोयनाथ पन्तको पात्रोका सम्पादक सूर्यनाथ पन्तले सोऱ्हश्राद्धका सबै तिथिको समय निकालेका हुन् ।

पितृपक्षसमेत भनिने सोऱ्हश्राद्ध यस वर्ष असोज ५ गते मङ्गलवारदेखि शुरू भएको छ। सोऱ्हश्राद्धमा अपराह्नकालमा पिण्डदान नगरे पितृले पाउँदैनन् भन्ने शास्त्रीय मत छ। मङ्गलवार प्रतिपदा तिथिको श्राद्ध दिउँसो १:०८ देखि ४:२२ बजेसम्ममा पिण्डदान गर्ने गरी निर्धारण गरिएको उनले जानकारी दिए। यो समयभित्रमैं पिण्डदान गर्नुपर्नेछ। तर्पण, दियो पूजा, विश्वेदेवा एवं पितृ ब्राह्मणको आह्वान र पूजा तोकिएको समयअघि नै गर्न सकिने विधि छ। यो समयमा पिण्डदान नगरे पितृले पाउँदैनन् भन्ने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्राडा रामचन्द्र गौतम बताउँछन्।

असोज ६ गते बुधवार द्वितीया तिथि श्राद्ध दिउँसो १:०८ देखि ४:२२ बजेसम्मको समय दिइएको छ। असोज ७ गते तृतीया तिथि श्राद्धको समय १:०७ देखि ४:२३ बजेसम्म छ। यस वर्ष असोज ८ गते शुक्रवार चतुर्थी तिथि श्राद्ध पनि १:०७ देखि ४:२३ बजेकै समयमा गर्नुपर्छ।




यसैगरी, पञ्चमी तिथि श्राद्ध असोज ९ गते शनिवार दिउँसो १:०६ देखि ४:२२ बजेसम्ममा गर्नुपर्नेछ। षष्ठी तिथि श्राद्ध असोज १० गते आइतवार १:०६ देखि ४:२२ बजेसम्ममा गर्नुपर्नेछ। सप्तमी तिथि श्राद्ध असोज ११ गते सोमवार १:०५ देखि ४:२३ बजेसम्ममा गर्नुपर्नेछ। यस वर्ष असोज १२ गते मङ्गलवार कुनै पनि तिथिको श्राद्ध नहुने नेपाल पञ्चाङ्ग निर्णायक समितिले स्वीकृति दिएको पञ्चाङ्ग (पात्रो)मा उल्लेख छ।

अष्टमी तिथि श्राद्ध असोज १३ गते बुधवार दिउँसो १:०४ देखि ४:२३ बजेसम्ममा गर्नुपर्ने शास्त्रीय विधि छ। नवमी तिथि श्राद्ध असोज १४ गते बिहीवार दिउँसो १:०४ देखि ४:२३ बजेसम्मै गर्नुपर्नेछ। दशमी तिथि श्राद्ध असोज १५ गते शुक्रवार १:०३ देखि ४:२३ बजेसम्ममा गर्नुपर्नेछ।

एकादशी श्राद्ध असोज १६ गते शनिवार दिउँसो १:०३ देखि ४:२३ बजेसम्मैमा गर्नुपर्नेछ। द्वादशी तिथि श्राद्ध असोज १७ गते आइतवार १:०२ देखि ४:२३ बजेसम्ममा गर्नुपर्नेछ। यस वर्ष द्वादशी तिथिमा मघा परेको छ। मघा नक्षत्र परेका दिन छोरा हुनेले श्राद्ध गर्दैनन्। त्रयोदशी तिथि श्राद्ध असोज १८ गते सोमवार १:०२ देखि ४:२४ बजेसम्ममा गर्नुपर्नेछ।

यसैगरी, चतुर्दशी तिथि श्राद्ध असोज १९ गते मङ्गलवार १:०१ देखि ४:२४ बजेसम्ममा गरिसक्नुपर्ने सम्पादक पन्तले बताए। औंसी तिथि श्राद्ध असोज २० गते बुधवार दिउँसो १:०१ देखि ४:२४ बजेसम्ममा गरिसक्नुपर्नेछ। अपराह्नकाल पारेर पिण्डदान नगरेमा श्राद्ध गरेर पाइने फल पाउन नसकिने शास्त्रीय प्रमाण छ।

विशेषगरी काठमाडौं उपत्यकालगायत ठूला शहरमा यो समस्या छ। आवतजावत गर्दा कोरोना फैलन सक्ने चिन्ता छ। कारणवश श्राद्ध रोकिंदा शास्त्रमा अनेक विकल्प दिइएका छन्। सोऱ्हश्राद्धकर्ताले आफ्ना पिताको तिथिमा गर्नुपर्ने विधान छ। आपत् धर्म अनुसार कुनै कारणवश अड्किएमा

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वरिष्ठ पत्रकार कोइरालासहितका पत्रकार पुरस्कृत

काठमाडौं, ६ असोज/रासस

राष्ट्रपति विद्यादेवी भण्डारीले मुलुकको पत्रकारिता क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने पत्रकारलाई विभिन्न विधाका पुरस्कार प्रदान गरेकी छन्।



राष्ट्रपति विद्यादेवी भण्डारीबाट पुरस्कृत हुँदै पत्रकार भारतदत्त कोइराला। तस्वीरः रासस

प्रेस काउन्सिल नेपालको ५२औं वार्षिकोत्वसका अवसरमा बुधवार आयोजित कार्यक्रममा उनले वरिष्ठ पत्रकार भारतदत्त कोइरालालाई 'प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार' प्रदान गरिन्। पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएबापत काउन्सिलले उनलाई रु एक लाख ५१ हजार राशिको उक्त पुरस्कार प्रदान गरेको हो।

सो अवसरमा वरिष्ठ पत्रकार बद्रीविनोद खनाल (प्रतीक)लाई रु एक लाख १० हजार राशिको 'प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार' प्रदान गरियो। 'प्रेस काउन्सिल आचारसंहिता पत्रकारिता पुरस्कार' हिमालय टाइम्स दैनिक (उज्ज्वल शर्मा)लाई तथा 'प्रेस काउन्सिल सशक्त सञ्चारकर्मी पुरस्कार' विमल गौतम र दुर्गालाल केसीलाई प्रदान गरिएको छ। ती पुरस्कार क्रमशः रु ५० हजार र २० हजार राशिका छन्।

'प्रेस काउन्सिल भाषागत पत्रकारिता पुरस्कार' लोकबहादुर चौधरी (लक्की), 'प्रेस काउन्सिल क्रियाशील पत्रकारिता पुरस्कार' वासुदेव शर्मा, माधव नेपाल, बिन्दुकान्त घिमिरे, गोविन्दप्रसाद चौलागाईं, रामानन्द गुप्ता, सुशील अर्याल र रमेश ढुङ्गेललाई प्रदान गरियो। उनीहरूलाई जनही रु २० हजार नगद राशिसहित पुरस्कार प्रदान गरिएको हो।

'प्रेस काउन्सिल युवा पत्रकारिता पुरस्कार' घनश्याम खड्का, उर्वशी बस्नेत न्यौपाने, एलपी देवकोटा, जीवन सेजुवाल, मेघराज खड्का, कृष्णचन्द्र लामिछाने, देवेन्द्र बस्नेत, देवचन्द्र भट्ट, चूडामणि लिम्बू, चन्द्रकला क्षेत्री (भगवती थापा), शिवकुमार रिजाल, रमेश खतिवडा, जगन्नाथ दुलाल र तीर्थ जैसीलाई प्रदान गरियो। उक्त पुरस्कार जनही रु १५ हजार नगद राशिसहितको हो।

समारोहमा 'प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार' पुरुषोत्तम खनाललाई तथा 'प्रेस काउन्सिल महिला सशक्तीकरण पत्रकारिता पुरस्कार' जमुना वर्षा शर्मा, रूपा गहतराज र अञ्जु कार्कीलाई प्रदान गरियो। ती पुरस्कार जनही रु १५ हजार राशिसहितका हुन्।

'प्रेस काउन्सिल समावेशी पत्रकारिता पुरस्कार' रोहित राई, अनन्त अनुराग महतो र करण ताम्राकारलाई प्रदान गरियो।

पुरस्कारका साथ उनीहरूलाई जनही रु १५ हजार नगद प्रदान गरियो।

कार्यक्रममा 'प्रेस काउन्सिल वर्ष कर्मचारी पुरस्कार' महेन्द्रराज सिंह र कुशल अर्याल तथा 'प्रेस काउन्सिल कर्मचारी प्रोत्साहन पुरस्कार' मदनकृष्ण सिलवाल र राजन सिंहलाई प्रदान गरियो। समारोहमा कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्की, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव वैकुण्ठ अर्याल र काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतलगायत सहभागी थिए।

# तोकियो धानको समर्थन मूल्य

काठमाडौं, ६ असोज/रासस

सरकारले धानको समर्थन मूल्य तोकेको छ। गत भदौ २९ गते बसेको मन्त्रिपरिषद्को बैठकले समर्थन मूल्य तोकेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ।




मन्त्रालयका अनुसार चालु आर्थिक वर्षका लागि मोटा धानको प्रतिक्विन्टल मूल्य रु दुई हजार ७५२ र मध्यम किसिमको धानको मूल्य रु दुई हजार ९०२ तोकिएको हो। मन्त्रालयका सहसचिव एवं प्रवक्ता प्रकाश सञ्जेलका अनुसार गत वर्षको तुलनामा यस वर्ष प्रतिक्विन्टल रु १७ ले बढी हो। गत वर्ष असारे धान लगाउनुपूर्व नै सरकारले धानको सर्मथन मूल्य तोकेको थियो। गत वर्ष मोटा धान प्रतिक्विन्टल रु दुई हजार ७३५ र मध्यम धानको मूल्य रु दुई हजार ८८५ तोकिएको थियो।

समयमा नै मूल्य नतोक्दा व्यवसायीले मनोमानी मूल्यमा धान खरिद गर्ने भन्दै सरकारले प्रत्येक वर्ष मोटा र मध्यम किसिमका धानको न्यूनतम समर्थन मूल्य तोक्दै आएको छ।

**तीन महिना पुग्ने चिनी मौज्दात**

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले चाडपर्वका लागि आवश्यक चिनी मौज्दात रहेको जनाएको छ। पछिल्लो समय बजारमा चिनी नभएको गुनासो आएको भन्दै विभागले तीन महिना पुग्ने चिनी मौज्दात रहेको जनाएको हो।

विभागले आज एक सूचना जारी गरी बजारमा पर्याप्त मात्रामा चिनीको मौज्दात रहेकाले उपभोक्तालाई हतास नहुन आग्रह गरेको छ। 'आयात अनुपात र खपत भएको मात्राका आधारमा बजारमा अझै तीन महिनालाई पुग्ने चिनी उपलब्ध छ।

चिनी आयात प्रक्रिया नियमित रहेको र खुला बजारमा पनि पर्याप्त मात्रामा चिनी रहेकाले उपभोक्ता हतास हुनुपर्ने कुनै कारण छैन। तत्काल आवश्यक मात्राभन्दा बढी सञ्चित गरेर राख्नुपर्ने अवस्था नभएको हुनाले नियमित र सामान्य आपूर्ति प्रणालीमा असर पर्ने गरी अधिक मात्रामा खरिद गरी भण्डारण नगर्नुहुन अनुरोध छ', विभागले जारी गरेको सूचनामा भनिएको छ।

विभागले व्यवसायीलाई समेत गोदाममा वस्तुको मौज्दात हुँदाहुँदै बजारमा नपठाई उपभोक्ता संरक्षण ऐन, २०७५ तथा नियमावली, २०७६ प्रतिकूल कृत्रिम अभाव सिर्जना नगर्न आग्रह गरेको छ।

# एकै दिन रु नौ सयले बढ्यो सुनको मूल्य

काठमाडौं, ६ असोज/रासस

नेपाली बजारमा बुधवार सुनको मूल्य



रु नौ सयले बढेको छ। छापावाल सुन मङ्गलवार रु ८९ हजार दुई सयमा कारोबार भएको थियो। नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको तथ्याङ्क अनुसार आज छापावाल सुनको मूल्य रु ९० हजार एक सय तोकिएको छ। त्यस्तै, आज तेजाबी सुनको मूल्य प्रतितोला रु ८९ हजार ६५० कायम गरिएको छ। तेजाबी सुन मङ्गलवार प्रतितोला रु ८८ हजार ७५० मा कारोबार भएको थियो।

महासङ्घका अनुसार चाँदीको मूल्य मङ्गलवारका तुलनामा आज प्रतितोला रु २५ ले बढेको छ। चाँदी मङ्गलवार प्रतितोला रु एक हजार १४० मा कारोबार भएको थियो। चाँदीको मूल्य आज प्रतितोला रु एक हजार १६५ तोकिएको छ। अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस एक हजार ७७७ दशमलव ५४ अमेरिकी डलरमा कारोबार भइरहेको छ, जुन समय-समयमा परिवर्तन भइरहन्छ।

# सर्पदंशबाट दिदीभाइको मृत्यु

प्रस, सप्तरी, ६ असोज/

सप्तरी जिल्लाको खडक नगरपालिकामा सर्पले टोकेर एकै परिवारका दिदीभाइको मृत्यु भएको छ।

खडक नगरपालिका-२ सिस्वाबेल्हीका १४ वर्षीया सुनीता मण्डल र ९ वर्षीय कृष्ण मण्डलको मृत्यु भएको प्रहरीले जनाएको छ। उनीहरूलाई सोमवार राति घरमा सुतेको ठाउँमा सर्पले टोकेको हो। सर्पले टोकेको थाहा पाएपछि उनीहरूलाई सिराहाको लहानस्थित रामप्रसाद उमाप्रसाद स्मारक अस्पताल पुऱ्याइएकोमा सुनीताको उपचारका क्रममा सोही अस्पतालमा मृत्यु भएको र उनको भाइ कृष्णलाई राजविराजको गजेन्द्रनारायण सिंह अस्पताल लगेपछि उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# डा खड्का परराष्ट्रमन्त्री नियुक्त

काठमाडौं, ६ असोज/रासस

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाली काङ्ग्रेसका सांसद डा नारायण



परराष्ट्र मन्त्रालयमा पदबहाली गर्दै परराष्ट्रमन्त्री डा नारायण खड्का। तस्वीरः रासस

खड्कालाई परराष्ट्रमन्त्री नियुक्त गरेकी छन्। राष्ट्रपतिले प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा गत असार २९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा प्रधानमन्त्रीको सिफारिशमा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम डा खड्कालाई परराष्ट्रमन्त्री नियुक्त गरेका हुन्।

राष्ट्रपति भण्डारीले नवनियुक्त मन्त्री खड्कालाई आजै अपराह्न पद तथा गोपनीयताको शपथ गराउने कार्यक्रम रहेको राष्ट्रपति कार्यालयका प्रवक्ता जगन्नाथ पन्तले बताए।

# डा भक्तमानको अपहरणमा संलग्न पण्डित पक्राउ

काठमाडौं, ६ असोज/रासस

चितवनका चिकित्सक (विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका तत्कालीन कार्यकारी निर्देशक) डा भक्तमान श्रेष्ठको अपहरणमा संलग्न रही फरार एक व्यक्ति लामो समयपछि पक्राउ परेका छन्।

प्रहरीको कन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)को टोलीले नुवाकोट जिल्लाको विदुर नगरपालिका-१२ मूलाबारीबाट स्थानीय ४५ वर्षीय राजेन्द्र पण्डितलाई पक्राउ गरेको हो।

अपहरण तथा शरीर बन्धक कसूरमा उच्च अदालत हेटौंडा इजलासको २०७० माघ २१ गतेको फैसलाले उनलाई नौ वर्ष कैद र रु ५० हजार जरिवाना सुनाएको थियो।

तत्कालीन मुलुकी ऐन (२०२०) को अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं बमोजिम सात वर्ष कैद र सोही महलको ७ नं बमोजिम दुई वर्ष थप कैद गरी जम्मा नौ वर्ष कैद तोकिएको थियो।


त्यसपछि पण्डित फरार हुँदै कहिले नेपाल त कहिले भारतमा लुकेर बसेका थिए। पछिल्लो समयमा नेपाल प्रवेश गरेको सूचना पाएपछि केहीअघिदेखि सिआइबीको टोलीले उनको खोजी थालेकोमा मङ्गलवार पक्राउ परेका हुन्। उनलाई फैसला कार्यान्वयनका लागि आज जिल्ला अदालत काठमाडौंमा पेस गरिएको सिआइबीका प्रवक्ता प्रहरी उपरीक्षक श्यामकुमार महतोले जानकारी दिए।

अपहरणमा संलग्न नुवाकोटका बद्रीप्रसाद ढुङ्गाना, काठमाडौंका गौतम योञ्जन, भारतका रोहित पालिवाललगायत पक्राउ परिसकेका छन्।

मुख्य अभियुक्त भनिएका नुवाकोटका भीमसेन पण्डित अझै फरार छन्। भारतमा रहेका उनको खोजी जारी रहेको प्रहरीले जनाएको छ। राजेन्द्र भने भीमसेनका नजीकका मान्छे हुन्। उनी डा श्रेष्ठको अपहरणपछि राख्ने ठाउँको व्यवस्थापनमा संलग्न रहेको प्रहरीले जनाएको छ।

विसं २०६७ जेठ ४ मा चितवनको भरतपुर महानगरपालिका-१०, साबिकको भरतपुर नगरपालिका-१० चौबीसकोटीस्थित चितवन अस्पतालबाट घर फर्कंदै गर्दा स्थानीय हाकिमचोक नजीकको भित्री सडकबाट डा श्रेष्ठलाई अपहरण गरिएको थियो।

प्रहरी प्रधान कार्यालयका अनुसार अपहरणपछि उनलाई काठमाडौं र नुवाकोटका विभिन्न ठाउँमा बन्धक बनाइ राखिएको थियो। अपहरण भएको १८




दिनपछि फिरौती लिएर डा श्रेष्ठलाई अपहरणकारीले छाडेका थिए। अपहरणको चार दिनपछि उनको ब्रिफकेस चितवनको मुग्लिननजीक घोप्टेभीरमा फेला परेको थियो।

अपहरणकारीलाई उनका परिवारले फिरौतीबापत भारतमा साढे तीन किलो सुन (तत्कालीन मूल्य अनुसार रु एक करोड १० लाख पर्ने) बुझाएपछि डा श्रेष्ठ २०६७ जेठ २२ गते धादिङको माझिकोटबाट अपहरणमुक्त भएका थिए।

त्यो बेला उनीहरूले कल बाइपास गरेर परिवारसँग सम्पर्क गर्ने गरेका थिए। यसअघि काठमाडौं महानगरपालिका-४ बस्ने ४१ वर्षीय गौतम योञ्जनलाई पनि सिआइबीको टोलीले नै काठमाडौंबाट पक्राउ गरेको थियो।



बाराको कलैया पिलुवा सडकखण्डमा बीच सडक भएर बाख्रा चराउन जाँदै महिला। तस्वीरः तिवारी यादव

# टुक्राटुक्री

**मन्तव्य**



कुमार रुपाखेती

**वीरगंजमा अहिले सुनपसल खोल्ने र जग्गामा पैसा हाल्नेहरूको बाढी नै आएको छ। यही रक्सौलमैं नेपाल सरकारको नेपाली स्टेशनको जग्गा र नेपाल बैंक लि.को रक्सौलस्थित जग्गा भारतीयहरूको कब्जामा छ तर नेपाल बैंक लि.ले बर्सेनि रक्सौलमा जग्गा कर तिर्दछ।**

**बेटीहरूको आवाजः**

बिहारको देखासिकी गर्दै प्रदेश २ को सरकारले 'बेटी बचाऊ बेटी पढाऊ'को खूबै ढिंढोरा पिट्यो। नवजात छोरीहरूको बीमाको ढ्वाङ फुक्यो। अहिलेसम्म हजारौं छोरीको कागजपत्र लियो तर कसैका बालबच्चाको बीमा गराउन सकेन। बेटी बचाऊ, बेटी पढाऊ कार्यक्रममा खटेका स्वयंसेविकाहरूलाई रु २१ हजार मासिक तलब दिने गरी नियुक्तिसमेत दिइयो तर स्वयंसेविकाहरूको खातामा एक महीना रु १२ हजार प्रभु बैंकमा जम्मा गरेपछि तलब आउनै बन्द भयो।

त्यस्तै, छोरी शिक्षित होऊन् भनेर अझैसम्म ठूलै तामझामका साथ कमसल र कमजोरखाले कमिशनयुक्त साइकल वितरण गरिंदैछ। गाउँघरमा छोरीलाई हेप्ने चलन यथावत् छ। त्यसैले त छोरीहरूले विद्यालय जान प्राप्त गरेको साइकल गाउँघरमा पारिवारिक काम दाउरा बोक्न, मिलमा धान कुटाउन जाँदा प्रयोग भइरहेको छ। साइकल पाए पनि अधिकांश छोरी पैदल विद्यालय धाउन बाध्य छन्। सरकारी साइकल त घरायसी काम र दाजुभाइको गाउँघर डुल्ने, चहार्ने साधन बनेको छ। वितरित साइकलहरूको एउटै रङ्गरूप र एकैखाले मोडेलका भएकाले विद्यालयमा लाम लागेर राखिएका साइकल कुन कसको हो भनी छुट्याउनसमेत नानीहरूलाई हम्मेहम्मे पर्ने गरेको छ। बेटी उत्थानका लागि जतिसुकै सुगा रटाइ गरे पनि प्रदेश नं २ का छोरीहरू अन्य प्रदेशको तुलनामा कम शिक्षित, असुरक्षित र पारिवारिक भेदभावको शिकार छन्। तसर्थ प्रदेश सरकारले बेटी उत्थानका लागि फोस्रो ढवाङ फुक्नुको साटो ठोस काम गर्नु आजको आवश्यकता बनेको छ।

**देउवाको दुर्दशाः**

सरकारलाई पूर्णता दिन नसक्नाले देउवाले बदनामी कमाइरहेका छन्। माधवलगायत उनका पार्टीका १४ जना सांसदको पद खारेजीका लागि सर्वोच्चमा मुद्दा परेको छ, त्यसैले माधवहरू अनिर्णयको बन्दी बनेका छन्। मन्त्रीको नाम देउवालाई दिंदा आफ्नो पार्टी फुटेर झन् सानो हुन सक्ने डर भएकाले उपेन्द्र यादवले आफ्नो पार्टीबाट मन्त्रीको नाम दिन आनाकानी गरिरहेका छन्। त्यसैले लाचार देउवा अहिले बकमफुसे र टालमटोल तरीकाले सरकार चलाइरहेका छन्। देउवालाई अचेल बुढचौलीले गाँज्न थालेको छ। माधव नेपाल र उपेन्द्र यादवले मन्त्रीको नामावली दिन असफल भएपनि आरजु राणा र रामचन्द्र पौडेलले एक दर्जन आफ्ना पक्षीय मन्त्रीहरूको नाम गोजीमा राखेर हिंडिरहेका छन्। मन्त्रिमण्डल विस्तार गर्न अक्षम देउवा भने पार्टी सभापति पद पनि ताकेर बसेका छन्। ओलीझैं दुवै महत्त्वपूर्ण पदमा अर्जुनदृष्टि लगाउने देउवा पनि भविष्यमा धोती न टोपी हुने सङ्केत देखिन थालेको छ। आगे देउवाको मर्जी।

कतिले त अचेल काठमाडौंको घर भित्तामा सावधान सांसदहरू छन् भनेर लेख्न थालेका छन्। यसको अर्थ के हो ? मैले त बुझिनँ। कुनै लालबुझक्कडले यसको अर्थ बुझे, मलाई पनि अर्थ्याइदिनुहोला, प्लीज।

**बैंकको करामत**

एउटा तथ्याङ्कले नेपालको जनसङ्ख्याभन्दा बढी बैंक खाताहरू देखाएको छ। सरकारले समेत बैंक खातामार्फत कारोबार होस् भनेर बैंकहरूलाई शून्य मौज्दातमा खाता खोल्न अऱ्हाएको थियो। पहिले पहिले नगदै पाउने सामाजिक सुरक्षा भत्तासमेत बैंक खाताबाट झिक्नुपर्ने नियम बनेको छ। दुई दशकयता नेपालमा थरीथरीका बैंक, वित्तीय संस्था खुलेका छन्। झन्डै एकैखाले नाम भएका बैंक, फाइनान्स र बचत तथा ऋण सहकारी संस्थाको नाम जुध्नाले ग्रामीण जनता आफ्नो सरोकारका वित्तीय संस्था खोज्न वीरगंजमा गोलचक्कर लगाइरहेका देखिन्छन्।

बैंकमा खाता खोलेर कारोबार गर्न सरकार र बैंकर्सहरू सक्रिय हुँदाहुँदै पनि केही ब्याजखोरले मनपरी ब्याजमा लगानी गरी जनताको उठीबास गरिरहेको समाचारसमेत प्रकाशमा आइरहेका छन्। सरकार र बैंकहरूले प्रचारप्रसारको क्रममा सहज र सहुलियत दरमा छिटोछरितो कर्जा दिने जतिसुकै नाटक गरे पनि कर्जा लिन बैंक पुग्दा त्यहाँ झन्झटिलो प्रक्रिया, कर्मचारीहरूको लोभ, लालच आदिले आजित भएर आम सोझासाझा जनता सजिलै कर्जा दिने ब्याजखोरको चङ्गुलमा फसेर 'घरको न घाटको' बनिरहेका छन्। अचेल त बैंकहरूबीच मुनाफा देखाउने फैशन र होडबाजी नै चलेको छ। यस्तो होडबाजीले सस्तो र सहुलियत कर्जा पाउने गरीबलाई पाखा लगाएको छ। बैंकहरू त अचेल सेवाको नाममा चलताफिरता पूँजीपतिहरूको रखैल बनेको छ। विगतमा नेपाल बैंकको स्थिति झन्झन् बिग्रिंदै जाँदा सरकारले त्यो बैंक विदेशीलाई जिम्मा दियो। बैंकमा सुधारको नाममा एलिस्टर भन्ने त्यो विदेशीले बैंक शाखाहरू बन्द गर्ने, बैंकको सम्पत्ति जग्गा जमीन बेचिदिने र बिक्रीबाट आएको पैसालाई नाफामा देखाउने चलन चलाइ सबैको आँखामा छारो हाल्यो र गयो।

**जग्गा खरीद–बिक्रीः**

अचेल वीरगंजमा एकथरी मानिसहरू पाए जति सस्तोमा अन्धाधुन्ध जग्गा खरीद गर्ने र अर्काथरीहरू कसको जग्गा बिक्रीमा छ सस्तोमा छ भन्ने सूचना तिनीहरूलाई पुऱ्याउने काममा लगनका साथ लागेका देखिन्छन्। यी दुवै काममा लाग्नेहरू नेपालका पुराना रैथानेहरू होइनन् भन्ने पनि खुलासा भएको छ।

सानोतिनोबाहेक महँगो र मूल्यवान् जमीन, जायजेथा किन्ने र बेच्नेबीच ठूलै साँठगाँठ देखिन्छ र यिनीहरूमध्ये अधिकांश २०६३ मा नेपाली नागरिकता प्राप्त गर्ने भारतीयहरू छन्। रक्सौल, मोतिहारी, मुजफ्फरपुर र पटना बस्ने तर नेपाली नागरिकताप्राप्त यिनीहरूलाई यताका जग्गा दलालहरूले बहुमूल्य जग्गा पाउनासाथ बोलाउने र पास गराउने गरेका छन्। अब यसरी भारतीयहरूले महत्त्वपूर्ण स्थानका जग्गा जमीनहरू खरीद (कब्जा) गर्दासमेत नेपाल सरकार राजस्व पाएर मख्ख देखिन्छ तर सधैं महँगा जग्गाहरू शङ्कास्पद व्यक्तिहरूले खरीद गरिरहँदा यत्रो पैसा कसले कहाँबाट किन फाइनान्स गरिरहेको छ भन्नेतर्फ कुनै निकायले ध्यान पुऱ्याएको देखिंदैन। अचेल त गाउँमा पुगेरसमेत औनेपौने दाममा जमीन खरीद गरेर रैथाने बासिन्दालाई घरबारविहीन बनाइरहेकाले सरकारले यसतर्फ मिहीन नजर लगाउनुपर्ने देखिन्छ। वीरगंजमा अहिले सुनपसल खोल्ने र जग्गामा पैसा हाल्नेहरूको बाढी नै आएको छ। यही रक्सौलमैं नेपाल सरकारको नेपाली स्टेशनको जग्गा र नेपाल बैंक लि.को रक्सौलस्थित जग्गा भारतीयहरूको कब्जामा छ तर नेपाल बैंक लि.ले बर्सेनि रक्सौलमा जग्गा कर तिर्दछ।

# पर्यटन प्रवर्द्धन गर्न मुख्यमन्त्री गद्दीको टोली पोखरातर्फ

प्रस, जनकपुरधाम, ६ असोज/

पर्यटन प्रवर्धनका लागि प्रदेश २ का मुख्यमन्त्री लालबाबू राउत गद्दी नेतृत्वको टोली पोखरातर्फ प्रस्थान गरेको छ। नेपाल एशोसिएशन अफ टुर एन्ड ट्राभल्स एजेन्ट्स (नाटा) प्रदेश नं २ र नाटा गण्डकी प्रदेशको संयोजन तथा गण्डकी प्रदेश सरकारको निमन्त्रणमा मुख्यमन्त्री नेतृत्वको टोली पोखरा पुगेको हो।

पोखरा–सिमरा सीधा उडान शुरू भएपछि यसअघि गण्डकी प्रदेशका उद्योग, पर्यटन, वाणिज्य तथा आपूर्ति मन्त्रीसहितको टोली प्रदेश नं २ मा आएको थियो।



तस्वीरः सौजन्य

गण्डकी प्रदेशका मन्त्रीले मुख्यमन्त्रीसहितको टोलीलाई पोखरा भ्रमणका लागि निमन्त्रण दिएका थिए।

पोखरा पुगेका मुख्यमन्त्री गद्दीसहितको टोलीलाई गण्डकी प्रदेशका उद्योग, पर्यटन, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कँडेल, नाटा गण्डकी प्रदेशका अध्यक्ष सञ्जयकान्त सिग्देल, पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराई, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख काशीराज भण्डारीलगायतले स्वागत गरेका थिए।

पोखरा विमानस्थलमा सञ्चारकर्मीसँगको भेटमा मुख्यमन्त्री गद्दीले कोरोनाले थलिएको पर्यटनलाई पुनरुत्थान गर्नु अहिलेको आवश्यकता भएको बताउँदै आन्तरिक पर्यटनका गतिविधिलाई चलायमान गराउन गण्डकी प्रदेशसँग सहकार्य गरिने बताए।

# धनुषाका शिक्षा प्रमुखमाथि हातपात

प्रस, जनकपुरधाम, ६ असोज/

सरुवा विवादका कारण धनुषा जिल्लाका शिक्षा विकास तथा समन्वय एकाइ प्रमुखमाथि हातपात भएको छ। एकजना राहत शिक्षकका बुबाले छोराको सरुवाको कुरालाई लिएर विवाद सिर्जना गरी प्रमुखमाथि हातपात गरेका हुन्।

मङ्गलवार दिउँसो धनुषाको शहीद नगरपालिका–१ स्थित मतौना राष्ट्रिय आधारभूत विद्यालयका शिक्षक माधवराय यादवका बुबा बेचन यादवले आफ्नो छोरासहितका शिक्षकलाई कानूनविपरीत सरुवा गरिएको भन्दै शिक्षा एकाइका प्रमुख ईश्वरीप्रसाद ज्ञवालीमाथि हातपात गरेका हुन्।

अवकाशप्राप्त शिक्षकसमेत रहेका बेचन यादव छोराको सरुवासम्बन्धी समस्या लिएर कार्यालयमा पुगेका थिए। तर प्रमुख ज्ञवालीले बेवास्ता गर्दै कार्यालयबाट निस्किन लागेपछि बेचन यादव हातपातमा उत्रिएका हुन्।

यस सम्बन्धमा प्रमुख ज्ञवालीले भने जिल्ला प्रशासन कार्यालयको बैठकमा पुग्न आफूलाई ढिलो भइरहेको कारण कार्यालयबाट निस्किन लाग्दा होहल्ला भएको बताएका छन्। उनले आफूमाथि हातपात नभएको बताए।

कानूनविपरीत सरुवा बदर गर्न र बक्यौता तलबको माग गर्न समन्वय एकाइमा जाँदा उक्त घटना भएको बेचन यादवले बताएका छन्।

## सोऱ्हश्राद्धको अपराह्नकाल....

आश्विन कृष्ण औंसीदेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् गौतम बताउँछन्।

पितृपक्ष अर्थात् सोऱ्हश्राद्धमा कोरोनाकै कारण श्राद्ध गर्न नसक्नेले आश्विन शुक्ल पञ्चमीसम्म पनि गर्न शास्त्रसम्मत हुने उनले बताए। यो समयमा पनि कारणवश सोऱ्हश्राद्ध गर्न नसकिएमा कार्तिक कृष्ण औंसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिन्छ। कार्तिक कृष्ण औंसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने शास्त्रीय मत छ। यो विकल्प अहिले कोरोनाका कारण सिर्जना भएको जस्तै परिस्थितिका लागि दिइएको हो।


चाडपर्व यज्ञयागादि तथा ठूला कार्य गर्नुअघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्परा अनुसार सोऱ्हश्राद्ध गर्ने गरिएको हो।

दशैं, तिहारजस्ता सनातन धर्मावलम्बीले मनाउने ठूला पर्वअघि श्रद्धा, भक्तिका साथ दिवङ्गत पितृलाई सम्झन सोऱ्हश्राद्ध गर्न थालिएको हो। यस समयमा पितृले आस गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ।

## फरक समाचार

# अमेरिकी वैज्ञानिकले बनायो सबैभन्दा सेतो पेन्ट

अमेरिकी वैज्ञानिकले दुनियाँकै सबैभन्दा सेतो पेन्ट बनाएका छन्। यसको विशेषताका कारण यसलाई गिनिज बूक अफ वर्ल्ड रेकर्डमा दर्ता गरिएको छ।



यसलाई तयार गर्ने पन्ड्र्यू युनिभर्सिटीका प्राध्यापक जिउलिन रूआनको भनाइ छ, यो पेन्ट ग्लोबल वार्मिङसँग लड्न सक्छ। यो पेन्ट यति सेतो छ कि यसबाट रङ्गिएको भित्तामा पर्ने सूर्यको किरणलाई ९५.५ प्रतिशत रिफ्लेक्ट यानी परावर्तित गर्छ।

यसलाई तयार गर्ने शोधकर्ताको समूहको भनाइ छ, यस पेन्टले भवनको छाना र त्यसको किनारको भित्तालाई पेन्ट गर्न सकिन्छ। यो पेन्टले भित्ताको भित्री भागलाई पनि प्राकृतिकरूपमा चीसो राख्छ।

शोधकर्ता अनुसार सूर्यको सबैभन्दा बढी किरण कुनै पनि भवनको छानामाथि पर्छ। यो पेन्टले ती किरणलाई परावर्तित गर्छ। यस्तोमा महँगो एयरकन्डिशनरको आवश्यकता पर्नेछैन। एयर कन्डिशनरको ग्रीन हाउस ग्यास उत्सर्जनमा ठूलो भूमिका हुन्छ। जुन पर्यावरणको लागि खतरा हो।

शोधकर्ताको भनाइ छ, यस पेन्टमा क्याल्सियम कार्बोनेट छ। यो केमिकल लाइमस्टोन र चक (खरी)मा पनि पाइन्छ। यस पेन्टमा क्याल्सियम कार्बोनेट धेरै मात्रामा प्रयोग गरिएको छ। यो रसायन सस्तो छ, यसैले यस पेन्टलाई ठूलो स्तरमा सस्तो मूल्यमा उपलब्ध गराउन सजिलो हुन्छ।

रूआन भन्छन्, कमर्शियल पेन्टको तुलनामा हाम्रो पेन्ट सस्तो छ र यसलाई तयार गर्न पनि सजिलो छ। यो भित्तामा लामो समयसम्म टिक्न सक्छ। उनका अनुसार यो कुलिङ पेन्ट हो। यसलाई भित्ताको अलावा कार र टावरमा पनि पेन्ट गर्न सकिन्छ। यद्यपि जाडोको मौसममा यसले समस्या गर्न सक्छ र कोठालाई गर्म हुनबाट रोक्न सक्छ। यो पेन्टले १८ डिग्रीसम्म कोठाको तापमान कम गर्न सक्छ।

प्रा रूआनका अनुसार सात वर्ष पहिले हामीले यस प्रोजेक्टमा काम गर्न शुरू गरेका थियौं, तब हाम्रो दिमागमा ऊर्जाको बचत र जलवायु परिवर्तनजस्ता मुद्दा थियो। यस पेन्टमा उच्च मात्रामा बेरियम सल्फेट मिलाइएको छ, जसको प्रयोग फोटोपेपर र सौन्दर्य सामग्रीलाई सेतो बनाउन गरिन्छ। यसको अलावा यसमा बेरियम सल्फेटका सबै कण अलग–अलग आकारका हुन्छन् र प्रत्येक कणले अलग–अलग मात्रामा प्रकाशलाई परावर्तित गर्छ। कण जति ठूलो हुन्छ, त्यत्तिकै बढी प्रकाश उत्सर्जित गर्छ।

# गर्मीबाट हुने मृत्युमा ३७ प्रतिशत मनुष्य जिम्मेवार

संसारमा गर्मीबाट हुने एक तिहाइ मृत्युको लागि मानिसले नै जिम्मेवार हुन्छ। सन् १९९१ देखि २०१८ सम्मको तथ्याङ्क अनुसार गर्मीबाट भएको ३७ प्रतिशत मृत्युमा मनुष्यको गतिविधिको कारणले भएको थियो। मानिसको कारण नै धर्तीको तापमान बढेको हो।



लन्डन स्कूल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिनका वैज्ञानिकले आफ्नो रिपोर्टमा दाबी गरेको छ, जलवायु परिवर्तन दुनियाँको सबैभन्दा ठूलो समस्यामध्ये एउटा हो। वैज्ञानिकले मनुष्यको स्वास्थ्यमाथि बढी तापमान र त्यसबाट हुने मृत्युको असर हेर्न यो शोध गरेको थियो। मृत्युको तथ्याङ्क बुझ्न ७३ देशका ७३२ क्षेत्रको तथ्याङ्क सङ्कलन गरिएको थियो।

वैज्ञानिकका अनुसार जसरी–जसरी तापमान बढ्छ, हावा तातो हुन्छ। यसको सीधा असर बुजुर्ग र दमका रोगीमाथि पर्छ। परिणाम, उनीहरू समयभन्दा पहिले मृत्युको चपेटमा पर्छन। नेचर क्लाइमेट चेन्ज जर्नलमा प्रकाशित अनुसन्धानले भन्छ, अध्ययनले साबित गरेको छ, ग्लोबल वार्मिङको एउटा ठूलो कारण मनुष्यको गतिविधि नै हो।

रिपोर्ट अनुसार जलवायु परिवर्तनमा ५० प्रतिशतभन्दा बढी योगदान दक्षिण–पश्चिम एशिया, दक्षिण–पूर्व एशिया, मध्य र दक्षिण अमेरिका हो। शोधकर्ता एन्टोनिया गैस्पारिनीको भनाइ छ, रिपोर्टको आँकडाले भन्छ ग्लोबल वार्मिङको लागि चाँडै पाइला चाल्नुपर्छ। यदि गर्मी यसैगरी बढिरहन्छ भने भविष्यमा यसको नराम्रो परिणाम भोग्नुपर्छ।

विज्ञका अनुसार तापमान बढेपछि स्वास्थ्यसम्बन्धी थुप्रै समस्या हुन थाल्छ। जस्तै हृदयरोग र साससँग सम्बन्धित बिमारी। अवस्था बिग्रिएपछि अस्पतालमा पनि भर्ना हुनुपर्छ।

शोधकर्ता एना एमका अनुसार औसत विश्व तापमानमा पहिले नै एक डिग्री सेल्सियसले वृद्धि भइसकेको छ। यदि तापमान यसैगरी बढोत्तरी हुन्छ भने मृत्युको तथ्याङ्क पनि बढ्छ। –प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## राष्ट्रसङ्घको महासभामा सहभागी हुँदा स्वास्थ्यमन्त्री सङ्क्रमित

ब्राजिलिया, ६ असोज/एएफपी

ब्रजीलका स्वास्थ्यमन्त्री मार्कोलो क्वैरोगा कोरोना भाइरसबाट सङ्क्रमित



ब्रजीलका स्वास्थ्यमन्त्री मार्कोलो क्वैरोगा । तस्वीरः एएफपी

भएका छन् ।

संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागी भएपछि उनलाई सङ्क्रमण पुष्टि भएको अधिकारीले मङ्गलवार जानकारी दिएका छन् ।

राष्ट्रपति जैर बोल्सोनारोको नेतृत्वमा ब्रजीलको टोली अमेरिकाको न्यूयोर्कमा भएको राष्ट्रसङ्घको महासभामा सहभागी भएको हो ।

टोलीमा सहभागी अन्य सदस्यको पनि कोरोना परीक्षण गरिएको तर सङ्क्रमण नदेखिएको अधिकारीले जनाएका छन् ।

ब्रजील सरकारले जारी गरेको वक्तव्यका अनुसार अहिले सङ्क्रमित भएका स्वास्थ्यमन्त्री क्वैरोगाले कोरोना भाइरसविरुद्धको खोप पनि लगाएका थिए । राष्ट्रसङ्घको महासभामा सहभागी भएर फर्किएकामध्ये सङ्क्रमित हुनेमा उनी दोस्रो व्यक्ति भएका छन् ।

सङ्क्रमित ५५ वर्षीय स्वास्थ्यमन्त्री क्वैरोगा न्यूयोर्कमै आइसोलेशनमा बसेको समाचारमा जनाइएको छ । तर टोलीमा सहभागी भएर पनि सङ्क्रमण पुष्टि नभएका अन्य भने ब्रजील फर्किसकेका छन् ।

राष्ट्रपति बोल्सोनारो यात्राका क्रममा मास्कविना देखिएका र उनले अहिलेसम्म खोप पनि नलगाएको अधिकारीले जनाएका छन् । स्वास्थ्यमन्त्री क्वैरोगासँगै रहेका बोल्सोनारोले महासभाका क्रममा अन्य देशका शीर्ष नेताहरूसँग पनि भेटवार्ता गरेका थिए । तर अहिलेसम्म पनि उनीहरूलाई सङ्क्रमण भएको जानकारी नआएको वक्तव्यमा उल्लेख गरिएको छ ।

**बेलायतमा एकै दिन ३१ हजारभन्दा बढी कोरोना सङ्क्रमित**

लन्डन/सिन्हवा

बेलायतमा पछिल्ला केही हप्तायता कोभिड–१९ का सङ्क्रमितको सङ्ख्या झन् बढ्न थालेको बताइएको छ । यहाँ प्राप्त पछिल्लो समाचार अनुसार मङ्गलवार मात्र बेलायतमा ३१ हजारभन्दा बढी सङ्क्रमित भएको बताइएको छ ।

बेलायतका स्वास्थ्यसम्बन्धी अधिकारीले गएको जानकारी अनुसार २४ घण्टायता मात्र करीब ३१ हजार ५६४ जना नयाँ सङ्क्रमित फेला परेका हुन् ।

बेलायतमा केही दिनयताको यो सङ्क्रमितको सङ्ख्या धेरै हो । यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीले दिएको जानकारी अनुसार केही हप्तायता यहाँ ठूलो सङ्ख्यामा नयाँ सङ्क्रमित थपिने क्रम जारी रहेको छ । उनीहरूका अनुसार आजसम्म यहाँका सङ्क्रमितको सङ्ख्या ७४ लाख ९६ हजार ५२० जना पुगेको छ । त्यसैगरी, यहाँ यस सङ्क्रमणबाट भएको मृत्युको सङ्ख्या एक लाख ३५ हजारभन्दा बढी पुगेको छ । गएको २४ घण्टामा मात्र यहाँ २०३ जनाको यही सङ्क्रमणबाट ज्यान गएको बताइएको छ ।

लन्डनमा कोभिड–१९ को अवस्था समयसमयमा सामान्यजस्तो देखिए पनि पछिल्ला दिनमा फेरि यो बढ्दै जान थालेको बताइएको छ ।

केही समयअघि यहाँ सङ्क्रमित घटेपछि जनजीवनलाई पनि सामान्य बनाइएको भएपनि पछिल्लो हप्तामा महामारीको सङ्क्रमण फेरि बढ्न सक्ने खतरा देखिएको बताइएको छ । यहाँ केही समययतादेखि हरेक दिन ३० हजारभन्दा पनि बढी सङ्क्रमित थपिने गरेका छन् ।

**भारतमा सक्रिय सङ्क्रमितको सङ्ख्या छ महीनापछिकै कम**

नयाँ दिल्ली, ६ असोज/एएनआई

भारतमा सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या छ महीनापछिकै सबैभन्दा कम भएको छ ।

सरकारी अधिकारीले बुधवार बिहान दिएको जानकारी अनुसार अहिले भारतमा सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या तीन लाख एक हजार ९८९ पुगेको छ । यो सङ्ख्या १८६ दिनपछिकै सबैभन्दा काम भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

भारतमा सक्रिय सङ्क्रमितको सङ्ख्या पछिल्लो समय लगातार घट्दै गएको छ । दैनिक नयाँ सङ्क्रमितभन्दा दैनिक सङ्क्रमणमुक्त भएकाको सङ्ख्या बढी हुँदै गएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या घट्दै गएको हो ।

पछिल्लो २४ घण्टामा भारतमा २६ हजार ९६४ जना नयाँ सङ्क्रमित थपिएको मन्त्रालयले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

सोही अवधिमा ३४ हजार १६७ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएको देखिएको अधिकारीले जनाएका छन् । योसँगै भारतमा अहिलेसम्म कुल तीन करोड २७ लाख ८३ हजार ७४१ जना सङ्क्रमणमुक्त भएका छन् ।

भारतमा कोरोनाका कारण अहिलेसम्म चार लाख ४५ हजार ७६८ जनाको मृत्यु भएको छ । तीमध्ये ३८३ जनाको पछिल्लो एक दिनमा मृत्यु भएको जनाइएको छ । रासस

## अफगानिस्तानमा विस्तारित मन्त्रिपरिषद् पनि महिलारहित

काबुल, ६ असोज/एएनआई

अफगानिस्तानमा कामचलाउ मन्त्रिपरिषद् पनि महिलाविहीन भएको छ । अघिल्लो महीना सत्ता कब्जा गरेर केही हप्ताअगाडि कामचलाउ सरकार बनाएको तालिबानले मङ्गलवार मन्त्रिपरिषद् विस्तार गर्दा पनि महिलालाई सहभागी गराइएको छैन ।

इस्लामिक इमिरेट्समा महिलालाई मन्त्री बनाउन नमिल्ने मान्यताअनुरूप महिलालाई मन्त्रिपरिषद्मा सहभागी नबनाएको बताइएको छ ।

सूचना तथा सञ्चार राज्यमन्त्री जाबिहुल्लाह मुजाहिदीनले भने पछाडि पारिएको वर्ग तथा समुदायको सहभागितालाई ध्यान दिएर मन्त्रिपरिषद् विस्तार गरिएको दाबी गरे ।

विस्तारित मन्त्रिपरिषद्मा हाजी नुरुद्दीन अजिजी कार्यवाहक अर्थमन्त्री, हजि मोहम्मद बशिर अर्थ उपमन्त्री, क्वालान्डर एबाड कार्यवाहक जनस्वास्थ्य मन्त्री, अब्दुल्बारी ओमर जनस्वास्थ्य उपमन्त्रीलगायत रहेका छन् ।

सार्वजनिक भएका मन्त्रीको सूचीमा एकजना पनि महिलाको नाम छैन । मन्त्रिपरिषद्मा अहिले ३३ जना रहेका छन् । मन्त्रिपरिषद्मा महिला सहभागिताको बारेमा सोधिएको प्रश्नमा मन्त्री मुजाहिद्दीनले महिलाको विषयमा अहिलेको मन्त्रिपरिषद्ले न उच्च प्राथमिकताका साथ काम गर्ने दाबी गरे ।

महिलाका सबै माग र बालिकाको शिक्षाका बारेमा अहिलेको कामचलाउ सरकारले नै काम गर्ने उनको भनाइ थियो ।

"हामीले नै महिलाका माग र उनीहरूको शिक्षाका बारेमा पर्याप्त काम गर्नेछौं," पत्रकारसँग उनले भने ।

अफगानिस्तानमा तालिबानले सत्ता लिएपछि महिला अधिकार कुण्ठित गरेको भन्दै सर्वत्र आलोचना भइरहेका बेला विस्तारित मन्त्रिपरिषद् पनि महिलाविहीन भएको हो ।

महिला र शिक्षा अधिकारलगायत आधारभूत अधिकार तथा स्वतन्त्रता कुण्ठित भएमा अफगानिस्तानको तालिबान सरकारलाई मान्यता नदिने र सहयोग नगर्ने अन्तर्राष्ट्रिय समुदाय र विभिन्न देशले चेतावनी दिँदै आएका छन् ।

मन्त्री मुजाहिद्दीनले भने आफ्नो सरकारलाई अन्तर्राष्ट्रिय समुदायले पनि स्वीकार गर्दै सहयोग र सहकार्य आदानप्रदान हुने विश्वास व्यक्त गरे । उनले देशभित्रको आन्तरिक आवश्यकता पूरा गर्न आन्तरिक अर्थतन्त्रले थेग्न सक्ने दाबी पनि गरे । रासस

## भारतीय प्रधानमन्त्री मोदी अमेरिका भ्रमणमा

नयाँ दिल्ली, ६ असोज/एएनआई

प्रधानमन्त्री नरेन्द्र मोदी संयुक्त राज्य अमेरिकाको तीन दिनको भ्रमणका लागि बुधवार त्यसतर्फ प्रस्थान गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घको महासभालाई सम्बोधन गर्ने र क्वाड शिखर सम्मेलनमा भाग लिने उनको कार्यक्रम रहेको छ । साथै मोदीले अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति जो बाइडेनसँग पनि भेटवार्ता गर्नेछन् । आगामी सेप्टेम्बर २४ का दिन ह्वाइट हाउसमा प्रधानमन्त्री मोदीको अमेरिकी राष्ट्रपति बाइडेनसँग भेटवार्ता हुने समाचारमा जनाइएको छ ।

गत २० जनवरीमा अमेरिकी राष्ट्रपति पद बाइडेनले सम्हालेपछि यी दुई नेताबीच पहिलोपटक भौतिकरूपमा भेटवार्ता हुन लागेको भारतीय विदेश सचिव हर्षवर्धन श्रीङ्लाले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

प्रधानमन्त्री मोदी र राष्ट्रपति बाइडेनबीच कट्टरपन्थीलाई रोक्ने र आतङ्कवादसँग लड्ने उपायबारे छलफल हुने अपेक्षा गरिएको छ । उनीहरूबीच रक्षा, व्यापार सम्बन्ध, सुरक्षा सहयोग र स्वच्छ उर्जा साझेदारीलाई दुई देशबीचमा अझै बलियो बनाउनेबारेमा छलफल हुने जनाइएको छ । रासस

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौत– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो ३:४० बजे

## दिवस, समारोह, कार्यक्रम सञ्चालन गर्ने कार्यविधि निर्माण

प्रस, जनकपुरधाम, ६ असोज/

प्रदेश २ सरकारले प्रदेशस्तरीय दिवस, समारोह, कार्यक्रम सञ्चालन गर्ने

तस्वीरः फाइल




कार्यविधि निर्माण गरेको छ । २०७७ सालमा नै कार्यविधि निर्माण गरिएको भएपनि विविध कारणले सार्वजनिक हुन सकेको थिएन ।

प्रदेश सरकारलाई पारदर्शी बनाउँदै जाने क्रममा हालै उक्त कार्यविधि सार्वजनिक गरिएको प्रदेश सरकार निकट स्रोतले जनाएको छ ।

कार्यविधि अनुसार प्रदेश सरकारले आयोजना गर्ने प्रदेशस्तरीय दिवस, समारोह, जयन्तीजस्ता कार्यक्रममा सहभागी हुनेले प्रतिव्यक्ति ७५० रुपैयाँ बराबरको खाना खुवाउन पाउने भएका छन् । अर्थात् खाना शीर्षकमा अधिकतम ७५० रुपैयाँसम्म मात्रै खर्च गर्न पाउनेछन् । त्यसैगरी, नास्ताका लागि प्रतिसहभागी २५० रुपैयाँसम्म खर्च गर्न पाउनेछन् । कार्यक्रम सञ्चालन गर्दा सभाहलभित्र सञ्चालन गरिएको छ भने मञ्च व्यवस्थापनका लागि अधिकतम ५० हजार रुपैयाँसम्म दिइनेछ । खुल्ला चौरमा कार्यक्रमको आयोजना गरिएको छ भने दुई लाख रुपैयाँसम्म खर्च गर्न सकिने कार्यविधिमा उल्लेख छ ।

प्रदेशस्तरीय रात्रिकालीन कार्यक्रम छ भने खाना तथा चियापानका लागि प्रतिव्यक्ति दुई हजार रुपैयाँसम्म खर्च गरिनेछ । कार्यक्रम वा उत्सवमा स्थानीय संस्कृति तथा पेशासँग सम्बन्धित झाँकी, नृत्य प्रस्तुत गर्ने प्रतिटोलीलाई रु २० हजार दिइनेछ भने सम्मान कार्यक्रम गर्दा एकजनाको लागि दोसल्ला, कदरपत्र र सम्मानपत्र बनाउन रु तीन हजार खर्च गरिने कार्यविधिमा उल्लेख छ । कार्यक्रम सम्पन्न गर्नका लागि विविध शीर्षकमा रु ७० हजारसम्म खर्च गरिने व्यवस्था छ । विविध भन्नाले झन्डा, तुल, पानी, चिया, प्रचारप्रसारलगायतका व्यवस्थापन खर्चलाई कार्यविधिले मानेको छ ।

कार्यविधि अनुसार खर्च गर्नुपर्दा कुनै पनि दिवस, कार्यक्रम वा जयन्ती मनाउनका लागि सम्बन्धित मन्त्रालयका मन्त्रीको संयोजकत्वमा व्यवस्थापन समिति गठन हुनुपर्ने व्यवस्था गरिएको छ । यसरी गठित समितिमा सम्बन्धित मन्त्रालयका राज्यमन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, सम्बन्धित मन्त्रालयका सचिव सदस्य र सम्बन्धित मन्त्रालयका महाशाखा प्रमुख सदस्य सचिव रहनेछन् । उक्त दिवस वा कार्यक्रमसम्बन्धी बैठक गर्दा पनि समितिका सदस्य तथा पदाधिकारीहरूले प्रचलित कानूनबमोजिम विनियोजित बजेटबाट बैठक भत्ता पनि पाउने कार्यविधिमा उल्लेख छ ।

यसरी गठित समितिले मन्त्रालय वा निकायको वार्षिक बजेट तथा कार्यक्रममा भएका दिवस, समारोह, जयन्तीसमेत मनाउनका लागि स्वीकृति प्रदान गर्ने र कार्यक्रम सञ्चालन गर्दा वा गराउँदा लागने खर्चको अनुमोदनसमेत गर्नेछ ।

## पोखरीमा डुबेर मृत्यु भएका बालक परिवारद्वारा क्षतिपूर्ति माग

प्रस, वीरगंज, ६ असोज/

विश्वकर्मा पूजाको भोलिपल्ट गत शनिवार दिउँसो वीरगंज–१२ मुर्ली



मृतक दुई बालकका पिता । तस्वीरः प्रतीक

पोखरीमा डुबेर मृत्यु भएका दुईजना बालकका परिवारजनले क्षतिपूर्तिको माग गरेका छन् ।

उक्त पोखरीको सौन्दर्यीकरणको काम गरिरहेको ठेकेदार पक्षसँग परिवारजनले आवश्यक क्षतिपूर्तिको माग गरेका हुन् । वीरगंज–१२ मुर्ली घर भई पोखरीमा डुबेर मृत्यु भएका १७ वर्षीय मुना गुप्ताका बुबा दिनेश गुप्ता र वर्ष १२ का प्रीतम गुप्ताका बुबा उमेश गुप्ताले यस्तो माग गरेका हुन् । मुना र प्रीतम एउटै घरका दुई दाजुभाइका सन्तान हुन् ।

शनिवार दिउँसो २ बजेपछि उनीहरू बेपत्ता भएका थिए । परिवारजन र प्रहरीले खोजी कार्य गर्दा एकजनाको राति साढे ९ बजे र अर्कोको साढे १० बजे पोखरीबाट शव बरामद भएको थियो । पोखरीको डिलमा ती बालकहरूको कपडा भेटिएपछि सुरक्षाकर्मी लगाएर बालकहरूको शव खोजी गरिएको थियो ।

पोखरीको सौन्दर्यीकरण गर्ने ठेक्का पाएको प्रेरणा–रञ्जन जेभी ललितपुरले लापरवाही गरेकोले ठेकेदार पक्षसँग क्षतिपूर्ति माग गरिएको हो ।

वीरगंज–१२ मुर्लीका अध्यक्ष रामदरश कुशवाहाका अनुसार ठेकेदारले पोखरीको डिलमा पर्खाल खडा गर्न पोखरी २० फिट गहिरो खनेर खाल्डो बनाएका थिए ।

बालकहरू नुहाउने क्रममा पोखरीमा कम पानी छ भनेर पसेको र डुबेको स्थानीयहरूको आरोप छ । प्रीतमका बुबा उमेशका अनुसार ती दुवैजना सँगै नुहाउन जाने छिमेकका अन्य दुईजना बालकसँग पनि प्रहरीले आवश्यक छानबिन गरी रहस्यमय किसिमले डुबेर मृत्यु भएका बालकहरूको यथार्थ घटना बाहिर ल्याउन प्रहरीसँग माग गरिएको छ । दुवै दाजुभाइका एक/एक छोराको मृत्यु भएपछि उक्त परिवार अहिले शोकमा छ ।

**पोखरी सौन्दर्यीकरणमा दुई वर्षको काममा ठेकेदारले लगायो चार वर्ष**

प्रदेश २ को मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत करीब रु ८ करोड लागतमा दुई वर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने सम्झौता गरेको ठेकेदारले चरम लापरवाही गरेको स्थानीयको गुनासो छ ।

स्थानीय कामेश्वर प्रसादका अनुसार ठेकेदारले पुरानो डिपिआर परिवर्तन गरी नियमविपरीत काम गरिरहेको जनाए । उनका अनुसार पछिल्लो समय ठेकेदार कम्पनीले विभिन्न प्रकारका सवारीसाधन थुपारेर सुस्त गतिमा काम गर्दा काममा ढिलाइ भइरहेको छ ।

त्यसैगरी, पोखरीमा काम गर्दा वरवर सुरक्षा मापदण्ड वा चौकीदार नराख्दा यस्तो घटना दोहोरिएको बताए । पोहोर पनि वीरगंज–१३ का एकजना १० वर्षीय मुस्लिम बालकको सोही पोखरीमा डुबेर मृत्यु भएको थियो ।

प्रदेश २ का प्रदेशसभा सदस्य सिंहासन साह कलवारको ठेकेदार कम्पनीले पोखरी सौन्दर्यीकरणको काम गरिरहेको छ ।

**आजको राशिफल**

| | |
|---|---|
| मेष – सुयश | वृष – बेचैनी |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – प्रगति | कन्या – वादविवाद |
| तुला – यात्रालाभ | वृश्चिक – शत्रुपराजय |
| धनु – सुसमाचार | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## इप्रका भेडियाको नयाँ भवन उद्घाटन

प्रस, सप्तरी, ६ असोज/

सप्तरी जिल्लास्थित इलाका प्रहरी कार्यालय भेडियाको नयाँ भवनको बुधवार उद्घाटन गरिएको छ ।

नवनिर्मित उक्त भवन प्रदेश नं २ का आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले उद्घाटन गरेका हुन् ।

सो अवसरमा मन्त्री साहले प्रहरीको सुरक्षित आवासको जिम्मेवारी प्रदेश सरकारको भएको जानकारी गराउँदै यसमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताए ।

कार्यक्रममा प्रदेश नं २ का आन्तरिक मामिला तथा सञ्चार राज्यमन्त्री रुबी कर्ण, प्रदेश सांसद पसमिना कादरी, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# प्रहरी भएकै कारण एक वर्षमा पनि अभियुक्तहरू पक्राउ परेनन्

राकेश यादव, रौतहट, ६ असोज/

इलाका प्रहरी कार्यालय गरुडाको हिरासतमा यातनाबाट मृत्यु भएको प्रकरणमा मुछिएका प्रहरीलाई एक वर्ष पुगिसक्दा पनि नेपाल प्रहरीले अझै पक्राउ गरेको छैन ।



यातनाबाट मृत्यु भएका विजय राम र दोषी प्रहरीमाथि कारबाईको माग गर्दै निकालिएको ऱ्याली । तस्वीरः फाइल

हिरासतमा रहेका विजय रामलाई यातना दिएर हत्या गरेको आरोप लागेका जिल्ला प्रहरी कार्यालयका तत्कालीन प्रहरी निरीक्षक नवीनकुमार सिंह, हवल्दार फिरोज मियाँ धुनिया र मुन्ना सिंह अझै पक्राउ परेका छैनन् ।

मृतकका बुबा लाल महराले भदौमा जिल्ला न्यायाधिवक्ताको कार्यालयमार्फत तीनैजना प्रहरीमाथि यातना र ज्यानसम्बन्धी कसूरमा मुद्दा दर्ता गराएका थिए । सोको अवधि अहिले एक वर्ष बढी हुन लाग्दा पनि तीनैजना प्रहरीलाई पक्राउ गरिएको छैन ।

कर्तव्य ज्यान मुद्दाको आरोपमा पक्राउ परेका गरुडा नगरपालिका–८ जिङ्गडिया निवासी १९ वर्षीय विजय रामलाई हिरासतमा प्रहरीले यातना दिएर हत्या गरेको आरोप छ । रामको हत्या भएपछि उनको परिवारले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराएपछि गएको मङ्सिर १७ गते तीनैजनालाई पक्राउ पुर्जी जारी गरिए पनि अहिले एक वर्ष बितिसक्दा पनि पक्राउ परेका छैनन् । प्रहरी सूचीमा उनीहरू फरार देखिन्छन् । प्रहरी प्रधान कार्यालयले तीनैजनालाई निलम्बन गरिसकेको छ ।

तत्कालीन प्रहरी उपरीक्षक रविराज खड्काविरुद्ध पनि यही घटनामा किटानी जाहेरी छ । तर उनलाई पनि प्रहरीले पक्राउ गरेको छैन ।

प्रहरी उपरीक्षक खड्का सेवानिवृत्त भइसकेका छन् । उक्त घटनापछि प्रहरी प्रधान कार्यालयले प्रहरी उपरीक्षक खड्कालाई जिम्मेवारीबाट हटाएर प्रहरी प्रधान कार्यालय तानेको थियो । गरुडा नगरपालिका–८ जिङ्गडिया निवासी निरञ्जन रामको २०७७ साउन ३१ गते राति घाँटी रेटेर हत्या गरेको आरोपमा विजय रामलाई इलाका प्रहरी कार्यालय गरुडाले पक्राउ गरी हिरासतमा राखेको थियो ।

अपराध स्वीकार गराउन उनलाई निर्मम यातना दिएपछि भदौ १० गते उपचारको लागि नेशनल मेडिकल कलेज वीरगंजमा भर्ना गरिएको र उपचारको क्रममा उनको मृत्यु भएको थियो ।

प्रहरीको यातनापछि रामको मृत्यु भएको भन्दै दलित अधिकारकर्मीहरूले आन्दोलन गरेका थिए ।

मधेसी दलित विकास महासङ्घका महासचिव धर्मेन्द्र पासवानले प्रहरी नै मुछिएको घटनाका आरोपी पक्राउ नपर्नु संयोग मात्र नभएको बताए । उनले प्रहरीको मिलेमतोमा उनीहरूलाई अहिलेसम्म पक्राउ नगरिएको आरोप लगाएका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख विनोद घिमिरेले ज्यान मुद्दामा फरार तीनैजनाको अनुसन्धान र खोजी कार्य भइरहेको बताए ।

# रेडक्रस र भोलेन्टियर्सले सामाजिक दिवस मनाए

प्रस, वीरगंज, ६ असोज/

सामाजिक सेवा दिवस वीरगंजमा पनि मनाइएको छ ।


तस्वीरः प्रतीक



दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटी पर्साले मानवसेवा आश्रम र बन्दी सुधारगृह वीरगंजमा साबुन र मास्क वितरण गरेको छ ।

रेडक्रसका सहायक राजन श्रीवास्तवले दुवै स्थानमा एक/एक कार्टुन मास्क र साबुन वितरण गरिएको बताए । कार्यक्रममा रेडक्रसका प्रदेश सभापति फूलमहमद मियाँ, शाखा सभापति वीरेन्द्रराज कँडेल, उपसभापति मधु राणा, मन्त्री शैलेन्द्र चौरसियालगायतको सहभागिता थियो ।

यसैगरी, दिवसको अवसरमा भोलेन्टियर्स समूहले नेपाल पत्रकार महासङ्घ पर्साको सभाहलमा सम्मान कार्यक्रम गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहानले विभिन्न सामाजिक कार्यमा संलग्न रहेर मानवीय सेवा गर्दै आएका नवनीत अग्रवाल, दिनेश मिश्रसहित २५ जनालाई प्रमाणपत्रद्वारा सम्मानित गरेका थिए ।

कार्यक्रम समूहका संयोजक राजन श्रीवास्तवको अध्यक्षतामा भएको थियो ।

# छात्राहरूलाई सेनिटरी प्याड वितरण

प्रस, वीरगंज, ६ असोज/

वीरगंज महानगरपालिका–१८ भवानीपुरको सहयोग तथा आरके


तस्वीरः प्रतीक

डेभलपमेन्ट स्कील प्रालि वीरगंजको आयोजनामा छात्राहरूलाई सेनिटरी प्याड वितरण कार्यक्रम गरिएको छ ।

वडाका ३६० जना छात्रालाई सेनिटरी प्याड वितरण गरेको वडाध्यक्ष ब्रह्मदेवप्रसाद कुर्मीले बताए । वडामा रहेका सामुदायिक विद्यालयहरूमा अध्ययनरत उमेर पुगेका छात्राहरूलाई प्याड वितरण गरिएको थियो । कार्यक्रममा नेका पर्सा क्षेत्र नं १ का अध्यक्ष विजय सर्राफ, वडासचिव घनश्याम पटेल, विक्रम पटेल, सुरेश पटेललगायतको सहभागिता थियो ।

# लागूऔषधसहित चारजना पक्राउ

प्रस, वीरगंज, ६ असोज/

जिल्ला प्रहरी कार्यालय पर्साको टोलीले सूचनाको आधारमा मङ्गलवार


तस्वीर सौजन्यः जिप्रका, पर्सा

र बुधवार गरी चारजनालाई लागूऔषधसहित पक्राउ गरेको छ ।

पैदल हिंडिरहेका दुईजनालाई शङ्का लागेर आज दिउँसो २ बजे चेकजाँच गर्दा निजहरूले बोकेको रसभरीको डब्बाभित्रबाट लागूऔषध सय एमएलको विनपिरेक्स सिरप १२० थान बरामद भएको थियो ।

पक्राउ पर्नेमा बर्दियाका २२ वर्षीय राजेश थारू र चितवनका ३२ वर्षीय सुरेश नेपाली थिए ।

यसअघि हिजो वीरगंज–१६ शङ्कराचार्य द्वारबाट लागूऔषध ब्यूरो टोलीले पैदल हिंडिरहेका सर्लाही लालबन्दीका सुरज पासवान र कञ्चनपुर भीमदत्त नपाका २१ वर्षीय लक्ष्मण विष्टबाट ३.४० ग्राम खैरो हिरोइन बरामद भएको जिप्रका पर्साले जनाएको छ ।

# ट्रकसहित लाखौं मूल्यका सामान राजस्व चलान

प्रस, वीरगंज, ६ असोज/

जिल्ला प्रहरी कार्यालय पर्साले भन्सार छलीका सामानसहित ट्रक चालकलाई पक्राउ गरेको छ । ना.२ख ९७३७ नम्बरको ट्रकलाई वीरगंज–८ लाल बङ्गला अगाडिबाट नियन्त्रणमा लिएको र चेकजाँच गर्दा ट्रकमा बिलबिजक नभएको सामान बरामद भएको प्रहरीले जनाएको छ ।


तस्वीर सौजन्यः जिप्रका, पर्सा

मेडिकल सामान र खुद्रा सामानहरू जनकपुर लग्ने क्रममा सूचनाको आधारमा प्रहरीले पक्राउ गरेको जिप्रका पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए ।

प्रहरीले ट्रक चालक वीरगंज–१४ का परमानन्दप्रसाद कुर्मीलाई पक्राउ गरेको र ट्रक, बरामद सामान तथा मानिसलाई आवश्यक कारबाईको लागि राजस्व अनुसन्धान पथलैयामा बुझाएको प्रवक्ता खनालले बताए ।

प्रनाउ खनालले ट्रक र सामानको मूल्य ६० लाख निर्धारण गरिएको बताए ।






# १०५ जना छात्रालाई साइकल वितरण

सुग्रीव साह, भिस्वा, ६ असोज/

प्रदेश सरकारको बेटी पढाऊ, बेटी बचाऊ कार्यक्रम अन्तर्गत छिपहरमाई


तस्वीरः प्रतीक

गाउँपालिका–५ भिस्वा मङ्गल माविमा अध्ययनरत कक्षा ८ का छात्राहरूलाई साइकल वितरण गरिएको छ ।

बुधवार कार्यक्रमको आयोजना गरी कक्षा ८ मा अध्ययनरत १०५ जना छात्रालाई साइकल वितरण गरिएको हो । जनता समाजवादी पार्टी पर्साका अध्यक्ष रामनरेश यादव, सचिव तबरेज अहमद, प्रधानाध्यापक दिनेशप्रसाद कुर्मीलगायतले छात्राहरूलाई साइकल वितरण गरेका थिए ।

सो अवसरमा जसपा पर्साका अध्यक्ष यादवले छात्राहरूलाई पढाउनुपर्छ भन्ने सन्देश अभिभावकसमक्ष प्रवाह गर्ने उद्देश्यले पनि साइकल वितरण गरिएको बताए । उनले साना कक्षामा छात्राहरूलाई पढाउने र ठूला कक्षामा विभिन्न कारणबाट विद्यालय जान नदिने परम्परा रहिआएकाले सोविपरीत छात्राहरूलाई पनि छात्रसरह शिक्षा दिनुपर्छ भन्ने अभिप्रायले प्रदेश सरकारले छात्रालाई साइकल वितरण गर्दै आएको प्रस्ट्याए ।

जसपाका सचिव अहमदले छात्राहरूलाई ठूलो कक्षासम्म अध्ययनको वातावरण मिलाउनुपर्ने अभिभावकहरूलाई आग्रह गरे ।

प्रदेश २ मा छात्राहरूको शिक्षामा पहुँच कमजोर भएको र सोको अधिकांश जिम्मेवारी अभिभावक नै भएको भन्दै उनले अभिभावकहरूलाई छात्रालाई शिक्षित बनाउने अभियानमा सहयोगी भूमिका निर्वाह गर्न सुझाए ।

# मतदाता नामावलीको लागि प्रजिअलाई ज्ञापन

प्रस, वीरगंज, ६ असोज/

नेपाली काङ्ग्रेस पर्साले प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेलाई बुधवार


प्रजिअ घिमिरेलाई ज्ञापन बुझाउँदै पर्सा काङ्ग्रेसका सभापति द्विवेदी । तस्वीरः प्रतीक

ज्ञापनपत्र बुझाएको छ । पार्टी सभापति अजय द्विवेदी नेतृत्वको टोलीले प्रजिअ घिमिरेलाई मतदाता नामावली दर्ता गर्नको लागि वडास्तरमा टोली खटाउन ज्ञापनपत्र बुझाएको हो ।

प्रजिअमार्फत निर्वाचन आयोगलाई ज्ञापनपत्र बुझाइएको सभापति द्विवेदीले बताए । सो अवसरमा सचिवद्वय किशोरीसाह कानू, श्याम पटेल, सहसचिवहरू रोशन लामिछाने, किरण सरकारलगायतको सहभागिता थियो ।